## कस्ताले पाउँछन् बेरोजगार भत्ता ?

काठमाडौं । सरकारले आगामी पाँच वर्षमा बाध्यात्मक वैदेशिक रोजगारीको अन्त्य गर्ने लक्ष्यसहित प्रधानमन्त्री रोजगार कार्यक्रम शुभारम्भ गरेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले बुधबार सो कार्यक्रमको औपचारिक शुभारम्भ गरेका हुन् । सरकारले बेरोजगारलाई स्वदेशमै सम्मानजनक रोजगारी दिने र दिन नसकेमा निर्वाह भत्ता उपलब्ध गराउनका लागि यो कार्यक्रम सुरु गरेको हो ।

बेरोजगारलाई एक वर्षमा कम्तीमा सय दिन रोजगारी दिने उद्देश्यसहित बाँकी ८ पेजमा

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

## सामाजिक सञ्जाल ऐनको चर्को विरोध

काठमाडौं । सामाजिक सञ्जाल प्रयोगकर्तालाई नियमन गर्न सरकारले कडा ऐन ल्याउन लागेको प्रति नेपाल प्रेस युनियनलगायत विभिन्न संघसंस्थाले आपत्ति जनाएका छन् । सञ्चार प्रविधि तथा सूचना मन्त्रालयबाट पारित भई मन्त्रिपरिषदमा पठाइएको विधेयकको परिच्छेद १४ मा रहेका विभिन्न दफाहरुमा सामाजिक सञ्जाल सञ्चालन गर्ने व्यक्तिले ऐन बमोजिम अनिवार्य सूचना विभागमा दर्ता गर्नुपर्ने उल्लेख छ ।

ऐन प्रारम्भ बाँकी ८ पेजमा

वर्ष ७ अंक ४२, २०७५ साल फागुन ३ गते शुक्रबार, नेपाल संवत् ११३९ (Feb. 15, 2019) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# सरकारको एक वर्ष : हात्ती आयो हात्ती आयो फुस्स

काठमाडौं । केपी ओली नेतृत्वको वामपन्थी सरकारले आज फागुन ३ मा आफ्नो एक वर्षे कार्यकाल पूरा गरेको छ । नेकपाको एकल बहुमतीय सरकार बनेपछि जनताको हितमा काम हुने र विकासको गतिले रफ्तार लिने आशा आम नागरिकले गरेका थिए । तर ओली सरकारले जनतालाई भविष्यको सपना त देखायो तर वर्तमान भने निराशाजनक र गोलमटोल बनाइदिएको छ । निर्वाचनका समयमा जनतासामु गरेका प्रतिबद्धतालाई बिर्सिएको मात्र छैन प्रतिलोकतान्त्रिक बाटोमा अघि बढिरहेको विश्लेषण गर्न थालिएको छ ।

मुलुकको आर्थिक सूचकांक कहालिलाग्दो मोडमा पुगेको छ । अघिल्लो आर्थिक वर्षको सुरुका ६ महिना चालू आर्थक वर्षको सुरुका ६ महिनाको आर्थिक सूचकांक तुलना गर्ने हो भने आत्तेसलाग्दो ढंगले गिरावट आएको देखिन्छ । अघिल्लो आर्थिक वर्ष लगानी जोखिम कम भएका देशको सूचीमा नेपालको स्थान एक सय पाँचौं नम्बरमा थियो । तर यतिबेला एक सय दशौं नम्बरमा झरेको छ । अघिल्लो वर्ष भ्रष्टाचार नियन्त्रण गर्ने मुलुकको सूचीमा नेपालको नाम १२२ औं नम्बरमा थियो तर यस वर्ष १२४ औं नम्बरमा झरेको छ ।

अघिल्लो आर्थिक वर्षको सुरुको ६ महिनामा शोधनान्तर घाटा ५ अर्ब ३६ करोड रुपैयाँ रहेकोमा चालु आर्थिक वर्षको सुरुका ६ महिनामा शोधनान्तर घाटा बढेर ८५ अर्ब ३२ करोड रुपैयाँ पुगेको छ । व्यापार घाटा बढेर ६ खर्ब ७८ अर्ब ५३ करोड रुपैयाँ पुगेको छ । चालु खाता घाटा ६४ अर्ब रहेकोमा १ खर्ब १९ अर्ब पुगेको छ । त्यतिबेला वैदेशिक लगानी १४ अर्ब रुपैयाँ भित्रिएकोमा यतिबेला १० अर्ब रुपैयाँ मात्र भित्रिएको छ । उद्योगमा नयाँ लगानी पहिले १४ अर्ब भएकोमा अहिले नौ अर्ब रुपैयाँ मात्रै भएको छ । शेयर बजारको आकार १७ खर्ब ७० अर्ब रहेकोमा यतिबेला १३ अर्ब ७० अर्बमा झरेको छ । विदेशी विनिमय सञ्चित ११ खर्ब दुई अर्ब रुपैयाँ रहेकोमा यतिबेला १० खर्ब ६५ अर्ब रुपैयाँमा झरेको छ ।

अघिल्लो आर्थिक वर्षको सुरुका ६ महिना देश चरम संक्रमणकालमा गुज्रेको थियो । यही अवधिमा मुलुकमा स्थानीय, प्रदेश र संघीय




तीन तहको निर्वाचन भएको थियो । निर्वाचनबाहेक दायाँबायाँ हेर्ने अवस्थामा सरकार थिएन । सरकार दुई तीन दलको संयुक्त थियो । सरकारमा रहेको एक घटक एमाओवादीले प्रमुख प्रतिपक्षी दल एमालेसँग गठबन्धन गरिसकेको अवस्था थियो । आर्थिक सूचकांक वृद्धिका लागि सबैभन्दा खराब अवस्था जुन हो, त्यही अवस्थामा मुलुक गुज्रिएको थियो । तर त्यो खराब अवस्थाको जति पनि वर्तमान सहज अवस्थामा देशले आर्थिक प्रगति गर्न सकेन । आर्थिक सूचकांक वृद्धिका लागि सबैभन्दा अनुकूल समय भनेको संक्रमणकालको अन्त्य र एकमना स्थायी सरकारको निर्माण हो । जुन अवस्था मुलुकले एक वर्षदेखि पाएको छ । तर पनि आर्थिक सूचकांकमा भारी गिरावट आएको छ । यसरी गिरावट आउनुको अर्थ हो, सरकार असफल हुँदै जानु । सरकारमा रहेकाहरु गैरजिम्मेवार हुनु, भ्रष्ट आचरणमा सुधार नहुनु र संरक्षणवादलाई प्रोत्साहन गर्नु जस्ता कारणहरु नै आर्थिक सूचकांकको ग्राफ उकालो लाग्न नसक्नु हो ।

देशभित्र रोजगारी सिर्जना गर्ने उद्योगधन्दाहरु संकटमा फसेका छन् । बैंकहरुको व्याजदर चर्को र अस्थिर छ । औद्योगिक फिडर बिजुलीको शुल्क बढाएको भन्दै उद्योगीहरु आन्दोलनमा छन् । ०५७।०५८ मा कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान ९ प्रतिशत थियो तर अहिले घटेर ५ प्रतिशत पुगेको छ । पुस मसान्तसम्ममा विदेशी लगानी २६ प्रतिशतले घटेको छ । डुइङ बिजनेस रिपोर्टमा नेपाल १०५ औं स्थानबाट ११० औं स्थानमा पुगेको छ ।

भ्रष्टाचारविरुद्ध कारबाही चलाउने निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपालमा भ्रष्टाचार बढेको रिपोर्ट सार्वजनिक गरेको छ । देशभरिमा १८४८ वटा ठूला मझौला ठेक्काहरु अलपत्र परेको र यसबाट सरकारको ११८०० करोड बराबरको रकम जोखिममा परेको अख्तियारले जनाएको छ । तर सरकारले सुरुमा भ्रष्ट ठेकेदारहरुमाथि कारबाहीको डंका पिटे पनि अहिले तीनै भ्रष्ट ठेकेदारहरुको अघि घुँडा टेक्न पुगेको छ । पप्पु कन्स्ट्रक्सन जस्तो नेपालको ओडेब्रेच्ट निर्माण कम्पनीलाई सरकारले असनको साँढेझैं छाडा छोडिरहेको छ । भेनेजुएलाको आन्तरिक राजनीतिमा मुख खोल्छन् नेकपाका अध्यक्ष प्रचण्ड तर उनलाई थाहा छैन भेनेजुएलामा भएको उथलपुथलको जड भ्रष्टाचार हो । उक्त कम्पनीले भेनेजुएलामा ९ करोड ८० लाख डलर त्यहाँका नेताहरुलाई चढाएको थियो । 'ओडेब्रेच्ट प्रकरणमा भेनेजुएलाका राष्ट्रपति मडुरो मुछिए र नागरिकसामु स्वसत्ताच्युत हुन दबाब बढेको हो । महान्यायाधिवक्ता लुइसा ओर्टेगाले ओडेब्रेच्ट प्रकरणमा राष्ट्रपतिको संलग्नता उदांगो बनाइदिएपछि राष्ट्रपतिको राजीनामाको माग गर्दै आन्दोलन चलिरहेको छ त्यहाँ । तर यहाँ वाइडबडी खरिदमा भएको अरबौं भ्रष्टाचार बाँकी ८ पेजमा

## गोली बनाउन भारतले रोक्यो

काठमाडौं । सन् १९५० को नेपाल, भारत शान्ति तथा मैत्री सन्धि र सन् १९६५ को सुरक्षा सम्झौतालाई देखाएर भारतले नेपाली सेनाको गोली उत्पादन गर्ने तयारीमाथि हस्तक्षेप गरेको एक सैन्य सूत्रले बताएको छ । गोलीमा आत्मनिर्भर बन्न नेपाली सेनाले आफैंले गोली बनाउने योजना अघि बढाएको थियो र त्यस कार्यमा सेनाले भारतको सहयोग मागेको थियो तर भारतले ठाउँ अस्वीकार गर्‍यो, स्रोतले भन्यो ।

सेनाले एसएलआर इन्सास र एम-१६ हतियारका लागि आवश्यकीय गोली आफैंले निर्माण गर्ने कार्य अघि बढाएको थियो । सेनासँग झन्डै १५ हजार थान इन्सास छन् । इन्सास भारतमै बनेको हतियार हो । कारगिल युद्धमा इन्सास असफल भएको हतियार हो । नेपालमा माओवादी द्वन्द्व चलेपछि सेनाले अमेरिकाबाट एम-१६ हतियार



खरिद गर्‍यो । यो अत्याधुनिक हतियार हो । सेनाले यस पटक पनि अमेरिकासँग एम-१६ र त्यसका गोली खरिद गर्ने प्रक्रिया अघि बढाएको छ ।

भारतले युद्धमा खासै प्रभाव देखाउन नसक्ने इन्सास नेपाली सेनालाई बेच्दै आएको छ । सहुलियत ऋणमा भन्दै उसले नेपाललाई थोत्रा इन्सासहरु भिडाउँदै आएको छ । इन्सासका लागि चाहिने गोली बनाउन खोज्दा भारतले रोक्दै गोली पनि भारतबाटै किन्न बाध्य बनाएको छ । भारतले हतियार मात्र होइन, सेनाका लागि आवश्यक पर्ने अन्य बन्दोबस्तीका सामान पनि नेपाललाई बेच्दै आएको छ । नेपाली सेनाका लागि मात्र होइन, नेपाल प्रहरीका टोपी पनि भारतबाटै आयात हुने गरेको छ । नेपाल प्रहरीका टोपीभित्र 'बन्दे मातरम' लेखेर पठाउने गरेको समेत पाइएको छ ।

राणा शासनको अन्तिम कालखण्डमा तत्कालीन प्रधानमन्त्री मोहनशमशेरले भारतसँगको शान्ति तथा मैत्री सन्धिमा हस्ताक्षर गरेका थिए । सन्धिको धारा २,५,६ र ७ हतियार खरिद, एक अर्कालाई गर्ने राष्ट्रिय व्यवहार, तेस्रो देशसँग युद्ध वा खतराबारे पूर्व सूचना जस्ता प्रावधानहरु राखिएका छन् । सन् १९६५ मा दुवै देशबीच भएको हतियार खरिदसम्बन्धी पत्राचारले नेपालको प्रतिरक्षालाई भारत निर्भर बनाइदिएको छ । सम्झौताले बाँकी ८ पेजमा

## व्यापारघाटा बढ्यो

काठमाडौं । केन्द्रीय बैंक नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको ६ महिनाको तथ्यांकले बाह्य क्षेत्रका अधिकांश सूचक नकारात्मक देखाएको छ । बाह्य क्षेत्रमा चाप पर्न थालेपछि सरकारले आयातमा कडाई, निर्यात बढाउन नगद अनुदान वृद्धि, विदेशमा नेपालीले काम गर्न सक्ने खर्चको सीमा कटौती लगायत सुधारका प्रयास गरेको छ । औद्योगिक तथा व्यावसायिक वातावरण सन्तुलित बनाउन निजी क्षेत्रसँग सघन छलफल समेत अघि बढाएको छ । तर सरकारका यी प्रयासले बाह्य क्षेत्रमा सुधार ल्याउन सकेको छैन ।

नेपाल राष्ट्र बैंकका अनुसार चालु खाता घाटा विस्तार भई १ खर्ब ५२ अर्ब १६ करोड पुगेको छ । मंसिर महिनासम्म चालु खाता १ खर्ब १९ अर्ब ३३ करोड रुपैयाँले घाटामा थियो । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा ९७ अर्ब ७८ करोड रहेको थियो । समीक्षा अवधिमा शोधनान्तर स्थिति ६ अर्ब ६६ करोडले घाटामा थियो । अमेरिकी डलरमा शोधनान्तर स्थिति अघिल्लो वर्षको ६ महिनासम्म ६ करोड ५६ लाखले घाटामा रहेकोमा समीक्षा अवधिमा ५५ करोड ९५ लाखले घाटामा रहेको छ ।

सरकारले आगामी मार्चमा नेपालमा लगानी सम्मेलन गर्ने तयारी गरिरहेको छ । विदेशी लगानी आकर्षित गर्न नीतिगत तथा कानुनी सुधार पनि थालेको छ । तर विदेशी आप्रवाह भने अझै बढ्न सकेको छैन । समीक्षा अवधिमा पुँजीगत ट्रान्सफर ६ अर्ब ८९ करोड र प्रत्यक्ष वैदेशिक लगानी ४ अर्ब ३६ करोड रहेको छ । मंसिरयता विदेशी लगानी आप्रवाह हुन नसकेको तथ्यांकले देखाउँछ । अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत ट्रान्सफर १० अर्ब ७ करोड र बाँकी ८ पेजमा

## कहिले हुन्छ नैतिक भ्रष्टाचारको अन्त्य ?

**गोविन्द यात्री**

कुनै पनि किसिमको अपराधमा संलग्न भएको व्यक्तिलाई जोगाउन पहल गर्नु नै नैतिक भ्रष्टाचार हो । राजनीतिक दलको खोल ओढेर यहाँ नैतिक भ्रष्टाचार नगर्ने हो भने, बलात्कारी पनि समातिन्छ, महङ्गी वृद्धि पनि हुँदैन, विकृति र बेथीति पनि मौलाउँदैन, डनहरुको पनि पत्तासाप हुन्छ, मानव तस्करीको पनि निर्मूल हुन्छ । निर्मला पन्तको हत्यारा अहिलेसम्म पत्ता नलाग्नु, ३३ किलो सुन काण्डको बारेमा सत्य कुरा बाहिर नआउनु । वाइडबडीको काण्डमा पूर्वप्रधानमन्त्रीको नाम जोडिनु आदि इत्यादि काण्डहरुमा राजनीतिक संरक्षणले ठूलो भूमिका खेलेको देखिन्छ । जुनसुकै पार्टी वा पार्टीको मान्छे भए तापनि राजनीतिको नाममा गलत प्रवृत्तिको कार्यलाई संरक्षण गर्नु महाअपराध हो । बाँकी ८ पेजमा

## कसरी सुरू भयो प्रेमदिवस

काठमाडौं । १४ फेब्रुअरीको दिनलाई विश्वभर प्रणय दिवसका रुपमा मनाउने गरिन्छ । प्रणय दिवस नेपालीहरुको संस्कृति होइन । यद्यपि पछिल्लो समयमा क्रिसमस डेको समेत नेपालमा रौनक बढेको छ भने भ्यालेन्टाइन डेले युवापुस्तालाई नछुने कुरै भएन । यस दिन प्रेम गर्न आतुर मनहरुले समेत प्रेम प्रस्ताव राख्छन् । श्रीमान् श्रीमतीले समेत उपहार आदानप्रदान गरेर आत्मीयता साटासाट गर्छन् ।

भ्यालेन्टाइन डेको सुरुवात इसवी सन् २६९ मा इटलीको रोमबाट सुरु भएको मानिन्छ । तेस्रो शताब्दीका रोमन शासक सम्राट कलाउडिस दोस्रोले देशवासीलाई सैन्य भर्तिमा सामेल हुन उर्दी जारी गरे । महिलासँगको सम्बन्धका कारण पुरुष कमजोर हुने सोची प्रेम र विवाहमा प्रतिबन्ध लगाए । प्रेम र विवाहले सैनिकहरु शुरवीर नहुने सम्राटको विचारसँग केही सहमत पनि भए । धेरैले विरोध गरे । मुख्यतया रोमका पादरी भ्यालेन्टाइनले सम्राटको




आदेशलाई गलत ठह्याए । उनले विवाह गर्न चाहने सैनिकहरुको चर्चमा विवाह गराए । राजादेशको पालना नगरेको भन्दै भ्यालेन्टाइनलाई गिरफ्तार गरियो । सन्त भ्यालेन्टाइनलाई जेलमा बन्दी बनाइएको थियो । त्यही बेला उनले जेलरकी दृष्टिविहीन छोरीसँग प्रेम गरेका थिए । जब भ्यालेन्टाइनलाई मृत्युदण्डको सजाय सुनाइयो । उनले एउटा प्रेमपत्रमा लभ फ्रम योर भ्यालेन्टाइन भनेर लेखे र जेलरलाई आफ्नी छोरीलाई दिन भने । उनले यो बाँकी ८ पेजमा

**समय-सन्दर्भ**

## राष्ट्रघाती नागरिकता संशोधन विधेयक खारेजीको माग

**तेजेन्द्र प्रसाई**

काठमाडौं । नागरिकता संशोधन विधेयक २०७५ का विषयमा डाँफे टेलिभिजनले गत शनिबार बृहत अन्तर्क्रियाको आयोजना गरी राष्ट्रियता सम्बन्धी चासो र चिन्ता व्यक्त गर्दै आएका विभिन्न पार्टीका नेता तथा स्वतन्त्र बुद्धिजीवी, पत्रकारहरुको धारणा संकलन गरेको छ । नागरिकता विधेयकका सम्बन्धमा आफ्नो धारणा प्रस्तुत गर्दै नेकपा मालेका महासचिव सीपी मैनालीले हामी एकपछि अर्को गर्दै चिप्लिएर जुन ठाउँमा आयौं अब बढी चिप्लिनु हुँदैन । २००९ देखि लिएर २०७० सम्म नागरिकताको सन्दर्भमा हामी धेरै चिप्लिसकेका छौं र अब पनि चिप्लिने हो भने नेपालको राष्ट्रियता, स्वतन्त्रता र सार्वभौमिकतामाथि नै गम्भीर आघात पर्ने हुनाले नागरिकता संशोधन विधेयकमार्फत अब कुनै चिप्लिनु हुँदैन भन्नुभयो ।

महासचिव मैनालीले नेपाल हिमाल, पहाड, तराई, मधेससहितको मुलुक भए तापनि केही संकीर्ण व्यक्तिले मधेसलाई नेपालको भाग मानिरहेका छैनन् । उनीहरु जय मधेस भन्न गर्व गर्छन् जय नेपाल भन्दैनन् । उनीहरुले ' वीआर मधेसी नेपाली भन्नुभन्दा वीआर मधेसी' मात्र भन्ने गरेकाले उनीहरुभित्र मनोवैज्ञानिक खाडल बाँकी नै रहेको पाइन्छ । उनीहरुभित्रको मनोवैज्ञानिक खाडल नपुरिएसम्म त्यसै छिद्रमा टेकेर विदेशी शक्तिले खेल्ने, खेलाउने हुनाले मधेसमा सधैं अस्थिरताको खतरा बढेको बताउनुभयो । अस्थिरता निम्त्याउन रैथाने मधेसीभन्दा किर्ते कागजको भरमा नेपाली बनेकाहरु नै सक्रिय रहेको र किर्ते कागजका भरमा नागरिकता बनाउनेहरुको र जितेन्द्र देवको पालामा वितरण गरिएका नागरिकता समेत उच्चस्तरीय न्यायिक छानबिन आयोग बनाएर खारेज गर्नुपर्छ भन्नुभयो । उहाँले खुला सीमाको नियमन हुनुपर्ने, सीमाबाट नेपाल भारत आवतजावत गर्नेको दुवैतर्फ अध्यागमन कार्यालयमार्फत रजिस्टार गर्ने प्रणाली तत्काल लागू गरिएको खण्डमा आप्रवासी नागरिक थपिने क्रम रोकिने धारणा राख्नुभयो ।

महासचिव मैनालीले भारतमा विवाह गरेर जाने नेपाली चेलीले १० वर्षसम्म नागरिकता नपाउने तर नेपालमा विवाह गर्ने बुहारीलाई भोलिपल्टै नागरिकता दिने चलन हट्नुपर्छ बरु पीआर दिएर विस्तृत छानबिन र प्रमाण पुगेपछि मात्र नागरिकता दिने कानुन बनाउनुपर्छ भन्नुभयो । नागरिकताका सन्दर्भमा नेपालले धेरै कम्प्रमाइज गरेकाले अब यहाँभन्दा बढ्ता नगरौं दुईतिहाईको सरकारले नागरिकता झन् खुकुलो बनाउने कानुन ल्याउनेतर्फ भन्दा नागरिकताको सीमा र मापदण्डलाई नेपालको राष्ट्रियता र संवेदनशीलतालाई ध्यान दिएर कडाइ गर्नेतर्फ सोचौं भन्नुभयो ।

नेकपा (नेकपा) स्थायी समिति सदस्य तथा प्रमुख सचेतक देव गुरुङले आप्रवासीलाई नागरिकता दिनु हुँदैन भन्ने स्प्रिटप्रति समर्थन गर्दै नागरिकता विधेयकप्रतिको चिन्ता जायज रहेको बताउनुभयो । यस सम्बन्धमा संसदमा पनि गम्भीरतापूर्वक छलफल र बहस चलिरहेकाले र दलभित्रै पनि विभिन्न धारणा भएकाले प्रस्तुत भएको विधेयक प्रारम्भिक अवस्थाको भन्दा सुधार भएर मात्र पारित हुने बताउनुभयो । उहाँले संविधान निर्माण दिल्ली सम्झौताको धरातलबाट भएकाले आमूल परिवर्तनको सम्भावना छैन । आमूल परिवर्तनको लागि नयाँ ढंगको संघर्ष गर्नुपर्छ भन्नुभयो । नेपालजस्तो सानो मुलुकलाई अस्मिता रक्षा गर्ने गम्भीर बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# USA needs a good mental hospital for Trump

**Surendra Dhakal**



I am sure that the US president Donald Trump is mad. Some days back he said that Nepal and Bhutan are not independent countries rather part of India. Trump should understand that India exists only as sub-continent but never as an independent, sovereign and free country. There were hundreds of big and petty kingdoms in Indian sub-continent before it was unified under British colonial rule. The Indian Union left behind by the Britishers in 1947 could not be continued. When British withdrew its rule from Indian Sub-continent two countries such as Pakistan and India emerged. Later in 70s India disintegrated Pakistan that helped emerge again Bangladesh as a new country in South Asia. Trump had better say that Pakistan and Bangladesh are part of India but not Nepal. Nepal does not even belong to Indian Sub-continent because its territory does not touch Indian Ocean. Bhutan was infact a protectorate under British rule in India and after 1947 its defence and foreign policy has been handled by India under Indian Independence Act and India Bhutan Treaty of 1948..

I do not know what Mr. Trump's academic degree is. His remarks prove that he neither has knowledge of world history nor does he have of world geography. I ask myself whether Trump knows that USA was once a British colony that George Washington liberated in 1776. Already before 10 years of the independence of USA, Nepal in course of its unification under Great King Prithvi Narayan Shah, fought in 1767 against British colonial aggression and defeated English troops in the war of Sindhuligadi. The defeat as such was a big sock to British government at a time when Sun never set in British colonial empire. Even a Nepalese child of class five has knowledge of such glorious past of Nepal's sovereignty which president Trump lacks and says that Nepal is the part of India.

On the other hand, Trump has started a trade war with China – a global trade competitor - is normal but his decision to start a trade fight against his Europen allies is abnormal while he advocates an Indo-pasific Strategy for solely challenging a Chinese Belt Road Initiative. Similarly, he imposes high tarriff on import from China but gives priority to a better US-North-Korean relations to isolate China in South China Sea. He presents himself as anti communist when describes his relations with Venezuela but he tries to prove himself pro-communist when he meets KIM Jong Un.

He is old but has young wife and advocates against emancipation of women. His stupidity is as high as his concept of building a long wall along US-Mexican boarder which he even could not get through from the US Senete.

People say that CIA is intelligent enough to carry out its secret strategies worldwide but Trump became US president with strategic support of KGB.

USA is a fertile land of the excellence but how US citizen elected such a president as Trump? Is it only because a political party in USA should not win a presidential election continuously for third time?

Donald Trump is shrewd that is why losing friends and increasing foes not only worlwide but already at home.

US history proves that there were assasinations of good US presidents, now the time has come that it should also experience an assasination of a worst one.

Whenver I see Donald Trump in Newsmagazine or TV or somewhere, I ask myself whether US needs a very good mental hospital to treat well a person like him.

## सम्पादकीय

# बेरोजगारीको डरलाग्दो असर

सरकार विकासमा फड्को मार्ने भनेर भाषण गरिरहेको छ, तर विकासको गति कछुवा शैलीमा चलिरहेको छ । विकासको संवाहक शक्तिका रूपमा रहेको काम गर्न सक्ने उमेर समूहका व्यक्तिहरू बेरोजगार रहेका छन् भने विकास निर्माणको क्षेत्रमा श्रमिकको अभाव रहेका समाचार पनि आउने गरेका छन् । नेपालको श्रम बजारमा प्रवेश गर्न योग्य जनशक्ति बर्सेनि पाँच लाखको हाराहारीमा उत्पादन भइरहेको छ । तर त्यो जनशक्ति कामको अभावमा विदेशतर्फ लाग्ने र सडकमा भौंतारिएर दिन बिताउने काममा मात्र लागिरहेको छ । बेरोजगारीका कारण थुप्रै विकृति विसंगति बढेको देख्न सकिन्छ । बाटाघाटामा क्यारमबोर्ड, लँडो खेल्नेदेखि लिएर चौतारा, डबली र चौरहरूमा घाम तापेर बस्नेको संख्या त्यति नै ठूलो छ ।


मुलुकभित्र रोजगारका अवसर नपाएपछि दिनहुँ वैदेशिक रोजगारमा जानेको लाम थपिइरहेको छ । कोरियाले लिने भाषा परीक्षा अथवा इपिएसको जाँचमा झन्डै एक लाखको हाराहारीमा शिक्षित युवाहरू सहभागी हुनुले बढ्दो बेरोजगारको पारो कुन हदसम्म चढेको छ, त्यसको सहजै अनुमान लगाउन सकिन्छ । प्रत्येक दिन १५ सयदेखि दुई हजार जनासम्म युवाशक्ति बाहिरिने गरेको छ । त्यसैगरी अध्ययनको बहानामा विकसित मुलुकहरूमा रोजगारीको लागि जाने यवाहरूको संख्या पनि ठूलो छ । आफ्नो परिवारले दु:ख गरेर जोडेको घरबार धितो बन्धकमा राखेर विकसित मुलुकहरू विशेष गरी अष्ट्रेलिया, अमेरिका, क्यानडा र युरोपका विभिन्न विश्वविद्यालयलाई लाखौं रूपैयाँ अग्रिम बुझाएर विदेश जानेको संख्या पनि बर्सेनि बढिरहेको छ । यसरी स्वदेशको सम्पत्ति समेत धितोमा फसाएर बाहिरिने युवाहरूको रेमिट्यान्समा समेत योगदान हुँदैन भने उनीहरू सम्बन्धित देशको ग्रिनकार्ड, पीआरको लागि वर्षौंसम्म आफूले कडा मेहनत गरेर कमाएको रकम वकिललाई खुवाएर बस्न विवश छन् । मुलुकका रैथाने युवाशक्ति बाहिरिने र खुला सीमाको कारण भारतबाट नेपाल भित्रिनेहरू नयाँ नागरिक बन्ने क्रम बढ्नाले नेपालमा नेपाली नै अल्पमतमा पर्ने खतरा समेत देखा पर्न थालिसकेको छ ।

वैदेशिक रोजगारको सिलसिलामा कोरिया, मलेसिया, खाडी मुलुकका विभिन्न देशमा गएका युवाहरूको संख्या चालीस लाख हाराहारी रहेको अनुमान गरिन्छ । जसले नेपालको अर्थतन्त्रलाई ठूलो टेवा पुऱ्याइरहेका छन् । आफूले थ्रिडी (डेन्जर, डिफिकल्ट र डर्टी) काम गरेर भए पनि घर परिवार र राष्ट्रलाई उल्लेख्य योगदान गरेका छन् तर आफ्नो जीवन भने सधैं जोखिममा राखेका छन् । थुप्रै युवाको विदेशी भूमिमा नै दुर्घटनाका कारण मृत्यु हुने गरेको छ । विमानस्थलमा बाकसमा प्याक भएर आउने युवाको शव देख्दा सबैको मन रूवाउने गरेको छ । स्वदेशमै भरपर्दो रोजगारीको व्यवस्था भएको खण्डमा यस्तो पीडा कसैले भोग्नुपर्ने थिएन ।

बेरोजगारीको कारण सामजिक विकृति त्यत्तिकै बढिरहेको छ । समाजमा घटिरहने हत्या, हिंसा, बलात्कार, चोरी, डकैती जस्ता घटना बेरोजगारीकै उपज हुन् । लागूपदार्थको सेवन, ओसारपसार जस्तो जघन्य प्रकारको दुर्व्यसन र अपराधमा समेत युवाहरू फस्ने गरेका छन् । हाम्रा स्कुल कलेजहरू केवल बेरोजगार उत्पादन गर्ने फेक्ट्रीमा परिणत हुँदै जानु दु:खलाग्दो विषय हो । सरकारले शिक्षामा आमूल परिवर्तन गर्न नसकेका कारण पनि शिक्षाले स्वरोजगार बन्न प्रेरित गर्न सकेको छैन । अहिले व्यावसायिक कृषि क्षेत्रमा युवाको केही झुकाव बढन थाले पनि उनहिरूलाई उचित प्रेरणा र प्रोत्साहन मिल्न सकेको छैन । स्थानीय निकायहरू समेत युवाशक्तिलाई व्यावसायमा लगाउने सहज वातावरण निर्माण गर्नुभन्दा युवालाई विभिन्न बहानामा ठग्न र सताउन तल्लीन रहेका लाजमर्दा खबर पनि आउने गरेका छन् । युवा बेरोजगार यसैगरी बढ्दै जाने र सम्बोधन गर्न राज्य जिम्मेवार नबन्ने हो भने यसले एक दिन विष्फोटक रूप लिने निश्चित छ ।

सरकारले बेरोजगार भत्ताको कुरा गरिरहेको छ । चारो छरेजस्तो बेरोजगार भत्ता वितरणको गलत नीति लिनुभन्दा रोजगारी सिर्जना गराउनेतर्फ सरकारको ध्यान जान आवश्यक छ । त्यसैगरी शिक्षा नीतिको गम्भीर समीक्षा गर्दै व्यावसायिक र निर्वाहमुखी शिक्षातर्फ जोड दिन आवश्यक छ । कृषि, पर्यटन, जलस्रोतको उचित प्रबर्द्धन गरी लाखौं रोजगारी सिर्जृना गर्ने बाटो सरकारले पहिल्याउन सकेमा मात्र बेरोजगारी समस्या सम्बोधन र देशको विकास हुन सक्छ ।

# विवेकका न्यायाधीश र कामका सिपालुसँग



**जगदीश लामिछाने**
रौतहट, पौराई

राजनीतिलाई बुझाउने शब्दको अर्थ गर्दा आनन्ददायक रुपमै पनि राजदिप्तौको अर्थ उज्यालो र ज्ञान हुनुपर्ने हो । किन रजोगुणतिर लगेर कलझगडा र जालको खेल गराइएको हो ? यसैमा उज्यालै उज्यालो र ज्ञानपूर्ण भएको भए विभिन्न राष्ट्र राष्ट्रमा पनि मेलको व्यवहार हुँदो हो । धर्मान्धताले पनि मेलमिलापको सर्वधर्म समन्वयको रुप लिँदो हो । देश देशावरको व्यवहारले चाहिँ कुटनीति जस्तो विरुप अर्थात् बनावट अर्थको शब्द पोलिटिक्स भन्ने अंग्रेजीले नाम पाउने थिएन । अंग्रेज बेलायत भारतबाट फर्किसकेपछि पनि होसियार यो देशमा दु:ख फुकेर न्याय लुकेर आयो । दलहरु भ्रममै छन् । श्री ५ पृथ्वीनारायण शाहले तथा उनकै छोरा बहादुर शाहले गरेको एकीकरणमा अंग्रेजले १८१४-१६ ई.मा दु:ख दिनु अथवा त्यो वातावरण आउन दिने १० वर्ष शासनकर्ता भीमसेन थापा दुवैतर्फ आक्रामता र बुद्धिहीनता प्रष्टै भए । यहाँ अमूर्त न्यायाधीश र वैज्ञानिक किन लुके ? यसै कारणले हामी नेपालीले दु:खै पायौं । अमेरिकामा त्यसरी लुकेनन् र त्यो देश जर्ज वासिंगटनका पालादेखि हालसम्म सुखैमा छ । यस्तो किन भयो । १९५० ई. को भारत तथा बेलायतसँग सन्धि गरेपछि पनि यो क्रम यथावतै हुनुमा दोष कसको ?

न्यायाधीशको दुई काम छन् । एक अरुको अथवा आफ्नो अहित हुने काम गर्नै नदिनु नै मुख्य हो भने अहित भइहाल्यो भने सजाय गर्ने अर्को काम हो । बेला न कुबेला वैज्ञानिक हुँ भन्नेहरुले न्यायधीशसाथ नलिएर आईदिँदा पाउने अपजस वैज्ञानिकले पनि हटाउनैपर्छ । अहिले मानसरोवर कैलाशबाट पूर्व लागेको ब्रह्मपुत्र ठाउँ ठाउँ छेकेर वास्पमय तथा रसमय हावा बग्न दिँदा तिब्बतमै सिंचाइ र हिउँको कम छैन भन्न लागेका छन् ।

हाम्रा राजनीतिक नेताहरुले हमबडा मात्र भएर पुग्दैन । आफैंले गरेको वाचा पूरा र सुविधाको प्रतिफल पूरा नभएपछि भीमसेन थापाजस्तै एउटा बच्चाको ओखतीकै बहानामा पनि तत्कालीन राजाले कसका अयोग्यताले यो देश (टिष्टा काँगडा) को भाग गयो । भन्ने बोलीसाथ सजाय खप्न तयार हुनैपर्छ नत्र न्यायाधीशले अंग्रेजैलाई बोलायतै फर्काइदिँदा रहेछन् ।

अहिले कृषि वैज्ञानिक हुँ भन्नेहरुले महिना महिनामा तलब बुझेर मात्र पुग्दैन । वास्मती र गौरीमा भएका पुराना सुवासका जिन पनि ती धान चामलमा हाल्नै सके मात्र उनको योग्यता देखिनेछ । स्थानीय निकायमा तलब सुविधा पाई काठमाडौंको रानीपोखरी वन र झारमय बनाउने नेताले त्यसको क्षतिपूर्ति मात्र दिएर पुग्दैन नजिकैको बनेपाली धारो भोटाहिटी पनि सबैले सुरक्षित गरी हेर्न पाउने गरी भोटाहिटी पस्नै ठाउँमा प्रदर्शन गर्न पनि सक्नुपर्छ ।

जिल्ला जिल्लामा खुलेका कृषि तथा व्यापारिक अरु बैंकहरुले आफ्ना सालासाली भर्ना गरी बेरोजगारी समाधान गरेर मात्र पुग्दैन, आफैंले ऋण दिएका कृषि आदि उत्पादनमूलक उद्योग समेतमा आफ्नै प्राविधिक समेत खटाई सरकारी प्राविधिकको कमिटी निर्णय गराएर उत्पादित गुणस्तरीय सामान बाली पशु आदि उत्पादन यथोचित बिमासमेत गराउने जिम्मा लिनैपर्छ । अनि मात्र देश र जनताको वैज्ञानिक तथा न्यायाधीश संयुक्त विकास गरेको ठहरिनेछ ।

अहिले टिठलाग्दो किसिमले विदेशी शैक्षिक संस्थाहरुको मात्र नेपाल टेलिभिजनमा तारिफ गरी शिक्षा त उतै राम्रो भन्नेहरुले नेपालमै गुणस्तरीय शिक्षा दिएका छौं भन्नलाई विद्यार्थीहरुलाई कार्यमुखी शिक्षा दिएर शिक्षालय बाहिर गएपछि स्वदेशमै रोजगारीको जाँगर उमार्न सक्नुपर्छ । यही नै वैज्ञानिकता र न्यायमुखी प्रयास हो । एक न एक दिन बर्माबाट लखेटिएका धनीमानीहरुलाई नै गरिब भई नेपाल आएपछि रुपन्देही र चितवनमा श्री ५ महेन्द्रले बसाएकै थिए । भुटानी नेपाली भाषी क्यानडा अमेरिकाले पाले पनि तिनको काम सकेका छैनन् भुटानले लैजाने नै छ । अष्ट्रेलियामा बाक्लै बसेका र अमेरिकामा अंग्रेजी कविता सुन्ने जनार्दनहरुको ती देशको धित मार्न पनि यहाँ उत्पादन मात्र हैन, वितरण व्यापार विदेश निर्यातको जिम्मा बिमा आदि बैंक र उद्योगी व्यवसायीले पनि लिने दिन आएका छन् । सरकारी कर्मचारी त भाग्न पाउने नै छैनन् । मुख्य काम भने यस विषयमा क्षेत्र क्षेत्रमा रहेका स्थानीय जनप्रतिनिधिकै हो । जनप्रतिनिधिले म राजनीतिकर्मी हुँ भन्ने हो भने उसबेलाका भीमसेन थापाले जिम्मेवारी पूरा नगर्दाको सजाय सम्झनैपर्छ ।

नारी जागरण त विश्वकै टिठलाग्दो छ । मातृत्वकै आधारमा शिक्षा र सहयोग उनीहरुले पाउनैपर्छ । त्यहाँ विज्ञापनमुखी उत्पीडन हुनै भएन । अहिले नै हजारौं नर्सहरु र इन्जिनियर आदि बेरोजगार हुनुपरेको पीडा भुलाउन नर्सहरु आफैं व्यवसायमुखी हुन जुन व्यवसाय सम्भव छ, त्यही उपायमा लाग्नुपर्ने नै छ । यस्तै जिम्मेवारी पनि प्रत्येक स्थानीय तहमा र राजनीतिक वृत्तमा अनिवार्य रुपमै रहनुभएका महिला नेतृले लिनु नै पर्ने दिन आएका छन् । आफ्नो योग्यता जुन विषयमा छ, त्यहाँ काम गर्नैपर्छ हैन र ?

स्थानीय तह अथवा केन्द्रीय जनप्रतिनिधिले ठेक्कापट्टा मोटर खरिद आदि आर्थिक दुरुपयोग जति गर्दै जान्छन्, त्यति आफैं अपमानित हुने मात्रै हुन् । स्वदेश एउटा पूजा मन्दिर सम्झिएर इमानदारितासाथ भ्रष्टहरुको सुधार गर्न नसके न्यायाधीश तथा वैज्ञानिक सहयोगी भई देश विखण्डनकर्तालाई प्रोत्साहन गर्ने होइन, जाति र व्यक्तिवादीहरुलाई मात्र सुधार तथा सजायको चेतावनी दिन सके मात्र नेतृत्व स्थिर रहन्छ ।

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

मनसुन

# जोसेफ स्टालिन–३०

**२. अन्तरविरोधको सही विश्लेषण नहुनु**

माओ त्से तुङ अन्तरविरोधका दुई ऐतिहासिक दस्तोजहरू प्रस्तुत गर्ने हस्ती हुन् । तर स्टालिनले रूसी समाजलाई ऐतिहासिक भौतिकवादी दृष्टिले बुझ्न नसकेझैँ माओले पनि चिनियाँ जनताकायथार्थ अन्तरविरोधहरूको सही पहिचान गरी त्यसको फर्स्याेट गर्न र व्यवहारत: मार्गदर्शन गर्न सकेनन् ।चिनियाँकम्युनिस्टपार्टीको इतिहास अवलोकनबाटप्रस्ट हुन्छ– पार्टीले प्राय:अन्तरविरोधको सवालमा सधैंठीकठीक विश्लेषण गऱ्यो तर क्रान्तिपश्चात्अर्थात् समाजवादी समाज निर्माणका बेला यस सवालमा सही विश्लेषण गर्न सकेन ।

सन् १९२१ मा चिनियाँ कम्युनिस्ट पार्टी स्थापना भएपछि आमजनताको मूल अन्तरविरोध त्यहाँको सामन्तीराज्यसत्तासँग थियो ।यो मूल अन्तरविरोध सन् १९३७ मा आएर फेरियो, जुन बेला जापानी साम्राज्यवादले चीनमाथिको आक्रमण तेज पाऱ्यो । त्यो ऐतिहासिक परिस्थितिमा चिनियाँकम्युनिस्ट पार्टीले सही विश्लेषण गर्दै चिनियाँ जनताको मुख्य अन्तरविरोध जापानी साम्राज्यवादसँग भएको ठहर गऱ्यो ।तब कम्युनिस्ट पार्टीले आममजदुर, किसान, महिला, बुद्धिजीवी, देशभक्त र न्यायप्रेमी जनतामाझ राम्ररी फैलने अवसर पायो र त जापानी लुटेराहरूसँग टक्कर लियो । युद्धमा पचासौं लाख क्रान्तिकारी जनता र सेना सहिद भए । तर सन् १९४५ मा पुग्दा पार्टीको नियमित सेना र छापामार सेना ७० लाखजति पुगेकोबेला त्यसको प्रभावमा झन्डै १० करोड जनता थिए । जब कि ८ वर्षअगिअर्थात् १९३७ मा पार्टीको १ लाख सेना हुँदा त्यसको अधीनमा २५ लाख जनता पनि थिएनन् ।१९४५ अगस्त१० मा रूसी लालसेनाले युद्धमा भाग लिएपछि जापानले आत्मसमर्पण गऱ्यो ।त्यतिखेर चिनियाँ जनताको मुख्य अन्तरविरोध फेरि फेरियो अर्थात् जमिनदार, सामन्तवर्गको संरक्षण गर्ने र साम्राज्यवादको दलाली गर्ने च्याङ काइ सेकको कोमिङताङे शासनसत्तासँग चिनियाँ आममजदुर, किसान, महिलाहरूको मूल अन्तरविरोध रह्यो । यसबारे पार्टीले आफ्ना सेना र जनतालाई सजग बनाएपछि सन् १९४५ देखि ४९ सम्म मुक्तियुद्ध चल्यो । वीर चिनियाँ जनताले तमाम प्रतिक्रियावादीको प्रतिनिधित्व गर्ने कोमिनताङे सत्ता धुलोपिठो पाऱ्यो ।कम्युनिस्ट पार्टीको महान् विजय भएपछि नौलो जनवादी समाज व्यवस्था निर्माण र विकास भयो ।

चिनियाँ जनताले आफ्नो बलबुतामा मुलुकको शासनसत्ता सञ्चालन गर्न थालेपछि मुख्य अन्तरविरोध पनि फेरियो ।त्यतिखेर चिनियाँ जनताको मुख्य अन्तरविरोध पितृप्रधान सत्ता थियो ।समाजमा हजारौं वर्षदेखि जरा गाडेकोपितृसत्तासँगको अन्तरविरोध फर्स्याेट गर्न चीनका ३० करोड नारीहरू आधारशिला बन्ने थिए, जसरी त्यसअगिको क्रान्तिमा त्यहाँका २ करोड मजदुर आधारशिला बने ।तर यस्तो दूरगामी सवालमा पार्टीले सही विश्लेषण गर्न सकेन ।

*क्रमश:*

# मैले देखेको त्रियासिऔं विश्व सम्पदा: ट्रिअरको क्याथेड्रल

सुरेन्द्र ढकाल



अगाडिबाट हेर्दा ट्रिअरको डोम यस्तो देखिन्छ



डोमभित्रको चारमध्ये एक अल्टर



डोमभित्र रहेको क्राइस्टको पवित्र पोशाक



डोमभित्रको बारसहितको सुनको ढोका



डोमलाई घेरेको चारौं शताब्दीको पर्खालको भग्नावशेष

पोर्टा निग्रा अवलोकन गरिसक्दा दिनको १२ बजेको थियो। त्यसपछि मित्र गेरहार्डले नजिकैको रेष्टुराँमा लन्च गर्ने भनेर लग्यो। के खाने सोध्दा मैले त्यहाँको प्रचलित खाना खाने भनेपछि उसले जाउअर क्राउट र भुर्ष्ट खाने सल्लाह दियो। खादेर अमिलो बनाएको रातो र सेताबन्दाको गुन्द्रुकलाई जाउअर क्राउट र ससेजलाई भुर्ष्ट र त्यसको साथमा उसिनेको आलुको पेष्ट र तोरीको गेडा पिनेर बनाएको अचार दिँदो रहेछ। मलाई त्यो जर्मनी आएदेखि नै मनपर्ने खानाभित्र पर्दथ्यो। त्यो खाएर केही समय रेष्टुराँमा नै बिताएपछि हामी त्यहाँको क्याथेड्रल जस्लाई डोम भनिन्छ, त्यो अवलोकन गर्नतर्फ लाग्यौं।

### ट्रिअरको डोम

यो डोम पनि जर्मनीको धेरै पुरानो चर्चमध्ये एक रहेछ। यो चर्चको वास्तु डिजाइन र पुरातात्विक महत्वको कारण विश्व विख्यात बनेको यो चर्चको निर्माण चारौं शताब्दिको प्रारम्भमा नै भएको रहेछ। तर पछिका शताब्दिहरुमा यस चर्चमा नयाँ नयाँ निर्माणहरु थपिंदै गएका रहेछन्। युनेस्कोको विश्व सम्पदा सूचीमा रहेको यस डोममा चारवटा रोमनशैलीका धरहरा जस्ता टावर रहेछन्। यस चर्चलाई क्रिश्चियनकलाको महत्वपूर्ण संग्रहालय पनि भनिँदो रहेछ।

यस चर्चको खास नाम चाहिँ सेन्ट पिटर क्याथेड्रल रहेछ। ऐतिहासिक स्रोतलाई आधार मान्दा यस चर्चको निर्माण सम्राट कोन्स्टान्टिन महानले आफू क्रिश्चियन धर्ममा प्रवेश गरेको अवसर पारेर सन् ३२९ र ३४६ को बीचमा गर्न लगाएका रहेछन्। शुरुमा यस चर्चको तल्लो तलामा उनको आमाको दरबार रहेछ र त्यही दरबारलाई अग्लो बनाउँदै जाँदा यो डोम बन्न पुगेको रहेछ। त्यहाँ भएको पुरातात्विक उत्खनन अनुसार त्यतिखेर रोम बाहिर पश्चिम युरोपमा बनेको यो डोम सबैभन्दा विशाल क्रिश्चियन संरचना मानिदो रहेछ।

अर्को महत्वपूर्ण कुरा भनेको यस डोमको जग डोमभन्दा चार गुणा ठूलो रहेछ जस्मा डोम लगायत पादरीहरु बस्ने गुम्बाहरु समेत ठडिएका रहेछन्। चर्चलाई घेरेको इटाका पर्खालहरुको भग्नावशेष चर्च निमार्णकै बेलाका प्राचीन रहेछन्। पछिल्ला शताब्दिहरुमा संरक्षणको अभावमा यो चर्च जिर्ण हुँदै गएको र सन ८८२ मा भाइकिंगहरुले यसलाई पुरै ध्वस्त बनाएका रहेछन्। पछि सन ९९३ मा ट्रिअरका विशप एगवर्टले पुरानै डिजाइनमा यस डोमको पुनरनिर्माण शुरु गराउन लगाएका रहेछन् जुन सन १०४१ मा गएर सम्पन्न भएको रहेछ। अहिले भएको डोमको पश्चिम मोहोडा त्यही बेलाको रहेछ।


चर्चका धनुषाकारका कलात्मक दलिनको निर्माण भने सन ११९६ मा गएर मात्र सम्पन्न भएको रहेछ। पछिल्ला शताब्दिहरुमा यस डोमलाई सिगार्ने र विस्तार गर्ने कार्य निरन्तर रुपमा गरिएको रहेछ जस्मा वारोक शैलीको गजुर, पुनरजागरण कालिन मूर्तिहरु, गोथिक शैलीका धनुषाकार दलिन (भल्ट) हरु पर्दा रहेछन्। डोमको उत्तरी मोहोडाका संरचनाहरु रातो इँटाले बनेका रहेछन्। यसका एकै उचाइ र लहरमा बनेका जस्ता देखिने चारवटा टावरहरु जर्मनीको राइन नदी क्षेत्रपछि बनेका चर्चहरुको लागि उदाहरणीय भएको बताइँदो रहेछ।

टावरको घडीमाथि खोपेर टाँसेको शिलालेखमा तिमीलाई थाहा छैन कति बजे भगवान् यहाँ आइरहन्छन् भनेर लेखिएको रहेछ। पछि जालियन वंशको शासनकालमा उनीहरुकै शैलीमा चर्चको पश्चिमी मोहोडा र पूर्वी गजुर, पवित्र पोशाक (ट्युनिक) र संगीत कक्ष बनाइएको रहेछ। यसको भित्री भागमा रहेको प्रार्थना कक्ष (नेभ) ११२ मिटर लम्वाइ र ४१ मिटर चौडाइको गोथिक शैलीमा बनाइएको रहेछ।

पूर्वी संगीत कक्ष अवलोकन गर्न सजिलो होस् भनेर भित्तामा ठूलो प्वालहरु बनाइएका रहेछन जहाँबाट चर्चको पूजा संचालन गर्ने मंच (आल्टर) अवलोकन गर्न सकिदो रहेछ। चर्चभित्र सन् १५३१ देखि १७५६ बीचमा बनेका चारवटा कलात्मक आल्टर रहेछन्। पश्चिमतर्फ रहेको संगीत कक्ष भने जर्मन बारोक शैलीमा बनाइएको रहेछ। त्यही आल्टरको भित्तामा क्राइष्ट आफ्नी आमा मेरी र सेन्ट पिटरसंग बसेको देखाइएको रहेछ। त्यसैको ठ्याक्कै मुन्तिर सुनका वारसहितको ढोका रहेछ। यस चर्चभित्र विभिन्न बेलामा भएको क्रिश्चियन पादरी विशप र आर्कविशपहरुको चिहान पनि रहेछ। क्राइष्टलाई भित्तामा किला ठोकेर झुण्डाइ मार्नु अगाडि उनले लगाएको पवित्र लुगा (ट्यूनिक) लाई चर्चको विशेष आर्कषणको पुरातात्विक वस्तु मानिदो रहेछ।



डोमभित्रको गजुरमा गरिएको कलाकृति



टावरको भित्तामा टाँसिएको घडी र त्यसमाथिको शिलालेख



डोमभित्र रहेको क्राइस्ट, उनको आमा मेरी र सेन्ट पिटरको मूर्ति




ट्रिअरको डोमअगाडि सुरेन्द्र सन् १९८९ अगस्टमा



डोमको भित्री भागको गजुर र प्रार्थना कक्ष

# गणेशमान सिंह जेलबाट भागेर आउनुभयो




■ शम्भुराम श्रेष्ठ

वि.सं. २००० तिरको कुरा हो। त्यसको तिथि मिति यकिन भएन । एक दिन राति ३ पनि बजेको थिएन। सूर्यबहादुर भारद्वाजले मेरो घरको ढोकाको खापामा हातको पञ्जाले ढ्याक ढ्याक गर्दै शम्भुराम भनी मलाई बोलाइरहे। उनले त्यसरी बोलाएको सुनेर म ब्युँझिएँ अनि झ्याल खोलेर हेरेँ र सूर्यबहादुरलाई देखेपछि तल ओर्लेर ढोका खोली उनलाई माथि कोठामा लिएर आएँ। सूर्यबहादुर एकदमै हडबडाइरहेका थिए। हडबढाउँदै उनले भने- गणेशमानजी जेलबाट भागेर आउनुभएको छ, चन्द्रबहादुरले -पूर्णबहादुर एमएको भाइ) उहाँलाई मकहाँ ल्याएर राखेका छन् । त्यसैले तपाईंलाई बोलाउन आएको । उहाँलाई जोगाएर भारत पुऱ्याउनुभएको छ ।' उनले त्यति भन्ने बित्तिकै लुगा लाएर म जानलाई तयार भइहालेँ र हामी दुवैजना सूर्यबहादुरको घरमा गयौं । गणेशमानजी जेलबाट भागेर सिधै पूर्णबहादुर एमएको किलागल किसिगल्लीस्थित घरमा पुगी पूर्ण दाइको माहिला भाइ चन्द्रबहादुरलाई उठाउनु भएछ । अनि चन्द्रबहादुरले उहाँलाई सूर्यबहादुरकहाँ लगेका थिए।

सूर्यबहादुरको घर पुगेपछि उनले आफ्नो घरको भुइँ तलाको छिँडीको ढोका खोलेर मलाई गणेशमानजीसँग भेटाइदिए । गणेशमानजीको मानसिक हालत एकदमै असाधारण थियो। उहाँको जिउ काँपिरहेको थियो र उहाँ निकै आत्तिइरहनुभएको थियो। जो अस्वाभाविक होइन। त्यस्तो अवस्थामा जो कोहीको अवस्था पनि त्यस्तै हुन्छ । हामीहरु कुरामा विल्कुलै अल्मलिएनौं, किनभने उज्यालो नहुँदै हामीहरुले उहाँलाई सुरक्षित स्थानमा पुऱ्याउनु थियो । त्यसैले सूर्यबहादुर र म गणेशमानजीलाई लिएर तुरुन्तै पश्चिमतर्फ प्रस्थान गऱ्यौं। उज्यालो विल्कुलै भएको थिएन। बाटोमा कुनै प्रकारको खतरा उत्पन्न हुन सक्छ भनेर मैले एउटा पिस्तोल पनि बोकेको थिएँ। हामीहरु भीमढुंगा पुग्दा झ्यासमिसे उज्यालो मात्रै भएको थियो । भीमढुंगाका उत्तरी भेगको पहाडमाथि हाम्रो पूरा परिवारकै एकदमै विश्वासिलो बाहुनको घर थियो र त्यही घरमा हामीहरुले गणेशमानजीलाई राखी उहाँको पूरापुर संरक्षण गर्ने जिम्मेवारी उक्त बाहुनलाई दिएर हामीहरु फर्क्यौं किनभने हामीहरुसँग जिउमा विल्कुलै पैसा थिएन र भारतसम्म उहाँलाई सुरक्षित रुपले पुऱ्याउनका लागि कम्तिमा पनि पाँच सय रुपैयाँको आवश्यकता हुन्थ्यो। हामीहरु भोलिपल्ट बिहानसम्म त्यहाँ आइपुग्ने वचन दिएर फर्क्यौं । गणेशमानजी ज्यादै आत्तिनुभएकाले उहाँले त्यतिन्जेलसम्म पनि हामीहरुलाई पर्खन सक्नुभएन र उहाँ आफूले लगाइराख्नुभएको एउटा घडी त्यही बाहुनलाई दिएर रु.१२५।- जति लिएर एकलै भीमढुंगा भञ्ज्याङ काटेर हिँड्नुभएछ। बिहान सबेरै (अर्थात् उज्यालो पनि भएको थिएन) त्यो बाहुन मेरो घरमा आइपुग्यो र भएको सबै कुरा सुनायो । आफूहरुले गणेशमानजीलाई भारतसम्म पुऱ्याउन नपाएकोमा वा भनौं नसकेकोमा हामीहरुलाई अत्यन्तै दु:ख लाग्यो र उहाँको खबर नआउन्जेल कहीँ उहाँ पक्राउ त पर्नु भएन भन्ने हामीहरुलाई त्रास लागिरहन्थ्यो। डेढ दुई महिना जतिपछि बिहान म नुहाइसकेर चिया पिइरहेको थिएँ- एकजना नौलो मानिस मेरा कोठाभित्र पस्नुभयो र मैसँग- 'तपाईं शम्भुरामजी हो ?' भनेर सोध्नुभयो । मैले 'हो' भनेँ । उनले भने- 'म वनारसबाट गणेशमानजीको चिठी लिएर आएको मान्छे हुँ ।' यति भनेर उनले मलाई गणेशमानजीले, 'म सुविस्तासाथ वनारस पुगेको छु र हाल चिठीबाहक देवशंकरलाल श्रेष्ठकै घरमा बसिरहेको छु । तपाईंहरुको अनुमति नलिइकनै मैले हिँड्नुपरेकोमा क्षमा याचना गर्छु। बरोबर भेटघाट गर्ने व्यवस्था म पनि मिलाउँछु र तपाईंहरुले पनि मिलाउनु होला।' लेख्नुभएको चिठी दिनुभयो । उहाँको त्यो चिठी प्राप्त भएपछि मात्र हामीहरुलाई सन्चो भयो।

कविता

## आउनुहोस् आउनुहोस्

यसपालिको लगानी वर्ष भव्य मनाउनुपर्छ
के गरी हुन्छ देशलाई हरिकङगाल बनाउनुपर्छ
बाटो घाटो नपुगे पनि
भ्रष्टाचार, ढिलासुस्ती, कमिसनलाई
द्रुत गतिमा सिंहदरबारबाट
गाउँ गाउँसम्म पुऱ्याउनुपर्छ
ऐया आत्थु गरे भने जनता
त्यसको पनि जरिमाना तिराउनुपर्छ
बैंकको चर्को ब्याज लिएर भए पनि
तरकारी खेती गरौं, उखु खेती गरौं
गाई पालौं ,भैसी पालौं ,माछा पालौं
बजार भाउ पाएन भने सडकमा लगेर फालौं
उखु पनि बिकेन भने के भो र ?
भात पकाउने ढोर बनाएर बालौं
आउनुहोस आउनुहोस
यसपालिको लगानी वर्ष भव्य मनाऔं

देशलाई चाँडै झिङगापुर बनाऔं।
कसैले भ्रष्टाचारको प्लान्ट लगाऔं
कसैले कमिसनको कारखाना खोलौं
कसैले घुसखोरीको अखडा खोलौं
र खोलेपछि संसारको सबभन्दा तगडा खोलौं
हामीलाई कसले कति दिने त्यो बोलौं ।

राजधानीमा धेरै खुलिसकेकाले
अब कसैले यो प्रदेशमा खोलौं
कसैले त्यो प्रदेशतिर खोलौं
कसैले नगरपालिकातिर खोलौं
कसैले गाउँपालिकातिर खोलौं
तर कसैले कसैलाई न पोलौं
यो देशमा पानीजहाज नआए के भो र ?
अरबौ खाने जहाज आउँछ
रेल न आए पनि के भो र यहाँ ?
खरबौं खान पाइने खेल आउँछ



● प्रेम ओली (ढकलपुरे)

आउनुहोस आउनुहोस
तपाईं हामी सबै मिलेर
लगानी वर्ष त भव्य मनाउनैपर्छ
देश र जनता यस्तै रहे पनि
हामीले हामीलाई समृद्ध बनाउनैपर्छ।

## न्याय हरायो अब

दुर्गामणि भण्डारी (दीपक)

मुक्तिका लागि बलिदानी कतिकति
सहिद भएका सब
निर्मलाका हत्याराहरु भ्रमणमा
न्याय हरायो अब
वाइडबडी विमानमा भ्रष्टाचार कति
मन्त्री पदमै बसे
छैनन् कानुन टुलुटुलु सरकार

गोविन्द केसी फसे।
नेताजीको दादागिरी कति
नेपाली राजनीतिमा
दसौं घर हुँदा पनि आफ्नै
बस्छन् अरे भाडामा
ओल्टाई पल्टाई खानेगरी दाउ
पक्ष र प्रतिपक्ष

विचार शून्य डन पनि यहाँ
सपथ लिएर जान्छन्
हत्या अभियोगका फरारहरु पनि
सदनमै शपथ खान्छन्।
धर्म, क्षेत्र, जात, भाषादिमा
मनपरी हुन्छ जब कर्म गर्दा फल नपाइने
न्याय हरायो अब

## कागतीको बोक्राका यस्ता छन् फाइदाहरू

**हड्डी बलियो बनाउँछ**

कागतीको बोक्राले तपाईंको हड्डीलाई बलियो बनाउँछ यसमा उच्च मात्रामा क्याल्सियम र भिटामिन 'सि' हुने गर्दछ जसले हड्डीलाई स्वस्थ राख्नमा मद्दत गर्दछ। यसका साथै हड्डीजस्तो जोडिएको रोग जस्तै ओस्टियोपोरोसिस। रहेयुमेटयड अर्थराइटिस र इन्फ्लेमेटरी पोलीअर्थराइटिसबाट पनि बचाउन सहयोग गर्दछ।

**अक्सिडेटिभ स्ट्रेसलाई टाढा राख्छ**

अक्सिडेटिभ स्ट्रेसलाई टाढा राख्नका लागि कागतीको बोक्राले निकै सहयोग गर्ने गर्दछ। यसमा उच्च मात्रामा फ्लेवानायड हुने भएका कारण अक्सिडेटिभ स्ट्रेसबाट शरिरलाई टाढा राख्ने गर्दछ।

**टक्सिन हटाउँछ**

हाम्रो शरिरमा थुप्रै विषालु पदार्थ अर्थात टक्सिन हुने गर्दछ। यस्तो पदार्थले हाम्रो शरिरलाई भित्रैदेखि कमजोर बनाउनुका साथै हाम्रो शरिरभित्र अल्कोहल र अन्य थुप्रै हानिकारक खाद्य पदार्थलाई नष्ट गर्ने गर्दछ कागतीको बोक्रा आफ्नो अमिलो स्वाद र स्वभावका कारण यस्तो विषालु पदार्थलाई टाढा राख्न मद्दत गर्दछ।

**क्यान्सरसँग लड्छ**

यो विषयमा धेरै थोरै मानिसहरुलाई जानकारी छ तर कागतीको बोक्राले क्यान्सरबाट बचाउन र यसको उपचारमा निकै मद्दत गर्दछ। यसमा पाइने तत्वले क्यान्सरको कोशिकासँग लड्न सहयोग पुर्याउँछ।

**कोलेस्ट्रोल घटाउँछ**

यसले कोलेस्ट्रोलको मात्रालाई घटाउन सहयोग पुर्याउँछ। शरिरमा कोलेस्ट्रोलको मात्रा अत्यधिक हुँदा यसले मुटुलाई स्वस्थ हुनबाट रोक्छ। कागतीको बोक्रामा पाइने पोलिफिनलले कोलेस्ट्रोललाई कम गरेर तपाईंको शरिरलाई स्वस्थ रहन मद्दत गर्दछ।

**मुटुलाई राख्छ स्वस्थ**

कागतीको बोक्रामा पाइने पोटासियमले रक्तचापलाई नियन्त्रणमा राख्दछ। सहि रक्तचापले हाम्रो मुटुलाई पनि स्वस्थ राख्दछ। यसका साथै कागतीको बोक्राले हाम्रो मुटुलाई धड्कनलाई सहि मात्रामा राख्ने गर्दछ मधुमेहबाट टाढा राख्दछ।

**मुख स्वास्थ्य राख्छ**

मुखको स्वास्थ्यलाई ठिक ठाउँमा राख्नका लागि कागती निकै महत्वपूर्ण मानिन्छ। भिटामिन सि को कमीले कमजोर दाँत र गिजाबाट रगत आउने समस्या हुने गर्दछ। भिटामिन सि को कमीले 'स्कर्भी' र 'जिंजिविटस' हुने गर्दछ। कागतीको बोक्रामा सिट्रिक एसिड अत्यधिक हुने भएकाले यसले भिटामिन सिको कमीबाट हुने हानीलाई भरपाइको मद्दत गर्दछ। यसले दाँत र गिजासँग सम्बन्धित रोगलाई पनि टाढा राख्दछ।

**तौल घटाउँछ**

कागतीको बोक्राले तौल घटाउनमा पनि मद्दत गर्दछ। यसमा पेक्टिन नामको तत्व पाइने गर्दछ जसले शरिरमा जमेको अनावश्यक बोसोलाई घटाउने काम गर्दछ।

**सुन्दर छाला**

एक्ने, पिग्मेन्टेसन र गहिरो निशानाबाट बाट बच्नका लागि कागतीको बोक्रा लाभदायक हुने गर्दछ । यसका पाइने फ्री-रेडिकल्सले यो प्रक्रियामा निकै महत्वपूर्ण भूमिका निभाउने गर्दछ। यसका साथै यसमा पाइने एन्टि अक्सिडेन्ट्सले छालालाई डिटक्सिफाई गर्ने गर्दछ।

**१०. अन्य फाइदा**

यसका साथसाथै कागतीको बोक्राले कलेजोर्लाइ पनि सफा राख्छ, कानको संक्रमणलाई टाढा राख्छ, रक्त प्रवाहलाई सुचारु गर्दछ, मांसपेशीलाई बलियो बनाउँछ र यसले पक्षघातलाई पनि टाढा राख्नमा मद्दत गर्दछ।


## हार्दिक धन्यवाद

यस ग्रेटर नेपाल साप्ताहिकको २०७५ साल भाद्र, असोज, कार्तिक, मंसिर, पुष र माघ महिनाभित्र वार्षिक ग्राहक बनी, विज्ञापन उपलब्ध गराइ तथा अन्य सहयोग गरी राष्ट्रवाद संरक्षणको अभियानमा योगदान गर्ने निम्नानुसारका व्यक्ति तथा संस्थालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं :

चन्द्रमणी प्रसाईं, वासुदेव ढकाल, सुवर्ण महर्जन, मनोज श्रेष्ठ, ध्रुवराज पन्त, विपिनराज घिमिरे, श्रीराम श्रेष्ठ, हिमालयन हनी, डा भुपेन्द्र देवकोटा, नेपाल सरकार भन्सार विभाग, श्रीराज भण्डारी, ग्रेटर नेपाल मोर्चा, अजर मानन्धर, सेन्जेन विद्युत आयोजना, ओम श्रेष्ठ, रेवती पन्त, नेपाल सरकार सूचना विभाग, त्रिभुवन विमानस्थल कार्यालय, सम्राट रञ्जित, शिशिर तिवारी, रमेशराज अर्याल, कसमस सिमेन्ट, भोलाबाबा पेट्रोल पम्प, विरेन्द्र सिंह, योगेन्द्र सुवेदी, कृष्णलाल क्षेत्री, मधु क्षेत्री श्रेष्ठ, सिद्धिलाल महर्जन, कंचन दिक्षित, घनश्याम राजकर्णिकार, न्यू हिमालयन ट्रेड कर्न्सन



रातो पुल मैतीदेवीस्थित १५ आना १ पैसा क्षेत्रफलमा रहेको २ तले घरसहितको जग्गा बिक्रीमा ।


सम्पर्क :
९८५१०२३६७०

दलालले कष्ट नगरिदिनु होला


# बेलायत : अँध्यारो, पुरानो, निन्याउरो देश

नियात्रा संस्मरण

**घनश्याम राजकर्णिकार**



**कल्पनाविपरीतको सहर**

लन्डन पुग्दा पाएको गोता र मानसिक ताडना तथा होटेलमा रातभरिको जाग्रामले बिहान उठ्नसमेत अबेर हुन गयो। तर पेटभरि 'ब्रेकफास्ट' लप्काउन पाएकाले बल्ल रमाइलो अनुभव गरेँ । अपराह्नतिर मात्र लन्डनमा अध्ययन गरिरहेको मित्रसँग भेट गर्ने पूर्वयोजना हुँदा 'ब्रेकफास्ट' खाई होटेलबाट बाहिर निस्की यताउता एक्लै चहार्न थालेँ । संसारप्रसिद्ध संयुक्त अधिराज्यको राजधानी तथा राणाकालीन नेपालमा आफू सानो नानी छँदा धेरै पटक सुनेको सहर लन्डन। भारततिर पहिलोपल्ट जाँदा वीरगन्ज पुग्दा त्यहाँ नै रमाइलो अनुभव गर्ने मैले लन्डन सहरलाई देख्दा नाक बिगार्नुपऱ्यो। वस्तुत: केही अरू अन्तर ाष्ट्रिय आधुनिक सहरहरू हेरिसकेको तथा जर्मनीमा महिनौंअघिदेखि बसिरहेको हुँदा लन्डन सहर आफ्नो कल्पनाविपरीत अँध्यारो, निन्याउरो तथा पुरानोजस्तो लाग्यो। साँच्चै जिज्यूबाजेहरूको पालामा बनेको लन्डन सहरका ती पुराना भवनहरू आधुनिकतामा तगारो बनी तेर्सिरहेका जस्ता थिए। एउटा कुराले भने मलाई लन्डनमा बडो रमाइलो लाग्यो। जर्ननीमा हुँदा कामचलाउ भाषाको मात्र अनुशीलन हुँदा बेलाबखत अरूले भनेको नबुझ्ने तथा आफूले अरूलाई बुझ्ने गरी प्रस्ट बोल्न नसक्ने जस्ता समस्याले मनमा खिन्नता हुन्थ्यो। तर लन्डनमा भने त्यो समस्या रहेन। अरूले भनेको पनि बुझ्ने, आफूले पनि बुझाउन सक्ने दोहोरो भाषाविज्ञ हुँदा कान हलुङ्गो तथा मुख छरितो हुन पुग्यो र आफूलाई सुरिलो भाषा मीठो अङ्ग्रेजी हुन गयो । साँच्चै, मलाई त मामाघरमा जाँदा



उच्छृङ्खलतासाथ बोलाइमा अनियन्त्रित भएजस्तै लन्डनमा हुन गयो।

**यही हो र वेस्टमिन्स्टर ब्रिज ?**

त्यसपछि दिउँसो करिब एक-दुई बजेतिर सोधपुछ गर्दै लोकल ट्रेन (टयुबट्रेन, जमिनमुनि गुड्ने रेल) चढी मित्र महोदयलाई भेट्न ग्रिनफोर्डस्थित ११३ ह्विटन एभिन्युमा पुगेँ । उनी लन्डनमा अङ्ग्रेजी भाषाको अध्यापनप्रणाली विषयमा तालिम लिइरहेका थिए। हुन पनि अङ्ग्रेजी भाषा सिक्ने वा सिकाउने तरिकामा समय अनुसार सुधार नहुँदा यसले विकृत रूप लिँदै गइरहेको छ भन्नुपर्छ। मित्रसँग एकछिन उनले लिइरहेको तालिमविषयमा कुरा हुँदा अङ्ग्रेजी भाषाको बनावट (संरचना) मा मोटामोटी पच्चीस थरीका भर्ब प्याटर्न (क्रियारूप) को राम्ररी प्रयोग गर्न जानेमा राम्रो आधुनिक अङ्ग्रेजी लेखनशैली बन्ने तथा यो तालिममा सिकाइने अरू विषयहरूको अध्ययनपछि हामीले आफ्नो अङ्ग्रेजी भाषाको ज्ञानमा एउटा नौलो, सुगम तथा छरितो क्षितिजभित्र पसेको अनुभव हुन जाँदो रहेछ भन्ने सुन्दा मलाई पनि यस तालिमप्रति चाख लाग्न गयो। तर यता बेलायततिर तालिम लिइरहेका शिक्षार्थीहरूलाई दिने वृत्ति (स्टाइपेन्ड) रकमबाट भने हातमुख जोर्न धौधौ पर्ने रहेछ।

मित्रसँगको मिलनको रमाइलो क्षणमा परदेशमा पाइने दु:खसुखका घटनापूर्ण कुराकानी हुँदै थिए। बीचैमा मैले हतारिँदै भनिहालेँ- "लौ छिटो बाहिर गइहालौं, लन्डन सहर हेरिहालौं ।" लगत्तै मित्रसँग घुम्न बाहिर निस्कें। मित्र बाटोमा देखिएका ठाउँहरूको टुटफुट-फाटफुट वर्णन पनि गर्दै थिए। साथै आफ्नाआफ्ना समस्याहरूको पनि आदानप्रदान हुँदै थियो । त्यत्तिकैमा मित्रले भने- "हेर, लन्डनमा हेर्नुपर्ने, घुम्नुपर्ने ठाउँहरू असङ्ख्य छन्, त्यसैले पहिले कहाँ जाने ?" मैले पनि सहमति जनाउँदै भनिहालेँ- "ठीक छ, त्यसो भए वेस्टमिन्स्टर ब्रिज (पुल) तिर पहिले जाऔं ।" मित्र मुसुक्क हाँसे र मतिर फर्केर चोर औंला ठड्याएर भने- "म त छक्क पर्छु, लन्डनमा आउने दुई-चार जना नेपालीलाई घुमाउँदा तिनीहरूले पनि तिमीले जस्तै भौंतारिँदै पहिले वेस्टमिन्स्टर ब्रिज देखाइदे भनेका थिए तर त्यहाँ...।" अनि मैले त्यतिखेरै भनेँ- "ठीकै त हो नि, तिमीजस्तो यहाँ बर्षौं बस्नेलाई पो केही नहोला, तर मजस्तो नवागन्तुक नेपालीलाई यहाँका अरू स्थानहरू थाहा नभए पनि विश्वप्रसिद्ध कवि वर्डस्वर्थले रचेको 'कम्पोज्द अपअन् वेस्टमिन्स्टर ब्रिज' कविता कलेजमा घोटेर पढेको सम्झना भइहाल्छ।"

मित्रचाहिँ मुसुमुसु हाँस्दै मुन्टो मात्र हल्लाउँदै थिए, म भने त्यो 'वेस्टमिन्स्टर ब्रिज' नामक पढेको कविताको प्रशंसा गर्दै मित्रसँग हिँड्दै थिएँ। यत्तिकैमा वेस्टमिन्स्टर ब्रिजनिर पुग्यौं, तर मलाई भने यसको अत्तोपत्तो नै हुन्न। अनि मित्रले मलाई भनिहाल्छन्- "ठीक छ, वर्डस्वर्थको वेस्टमिन्स्टर ब्रिज कविता मलाई भन्दा तिमीलाई बढ्ता सम्झना रहेछ, ल तिम्रो मन पर्ने वेस्टमिन्स्टर ब्रिज यही हो ।" यति भनी मलाई सङ्केत गरे। मेरो मुखबाट फुत्किहाल्यो- "हो र ! यही हो र ! सत्य हो ? यही हो वेस्टमिन्स्टर ब्रिज ? धत्तेरी म त कस्तो काल्पनिक संसारमा रहेछु, केके न होला भन्ठानेको त !" निश्चय नै मलाई त यो केवल एउटा साधारण ठाउँ लाग्यो तर वर्डस्वर्थ यसको विषयमा यसरी प्रस्फुटित हुन्छन्-

*पृथ्वीसँग योभन्दा राम्रो देखाउने कुरा अरू केही छैन;*
*जो आफ्नो भव्यतामा यस्तो हृदयग्राही भएको दृश्यलाई*
*वास्ता नगरी हिँड्न सक्छ त्यो आत्माको मूर्ख हुनुपर्छ;*
*यो सहरले बिहानको सौन्दर्यलाई पोसाकजस्तै गरी*
*लगाएको छ; शान्त, नङ्गा जहाजहरू*
*बुर्जाहरू, गुम्बाहरू, नाचघरहरू तथा मन्दिरहरू*
*पडिरहेका छन् जमिनमाथि र आकाश ताकी;*
*सारा चहकिला र टलक्क टल्केका धूवाँ नभएको*
*हावामा...*

वस्तुत: वर्डस्वर्थले त्यस वेस्टमिन्स्टर ब्रिजबाट जे देखे त्यसको मैले अनुभव गर्न सकिनँ । त्यसैले त्यो प्रसिद्ध कविता मेरा लागि झ्याउरे गीतजस्तै हुन गयो। यतिन्जेल मेरो मन भँगालाले खाएको जस्तो भइसकेको थियो । कस्तो न होला भन्थानेको वेस्टमिन्स्टर ब्रिज, हात्ती आयो, हात्ती आयो फुस्साझैँ भयो।

**साधारण जीवन, उच्च विचार**

त्यतैबाट बिगबेन (घण्टाघर) र पार्लियामेन्ट हाउस (संसद्भवन) देखेँ, त्यतैतिर मन आकर्षित भयो । यो भव्य पार्लियामेन्ट हाउसतिरका माथि लामा चोसाचोसा पर्दै गएका छानाहरू भने निकै आकर्षक-मनमोहक लाग्यो । भनिन्छ कि एघारौं शताब्दीदेखि देशको महत्वपूर्ण सरकारी कार्यालय भएको यो पार्लियामेन्ट हाउसमा शाही राजकीय बैठक, पाँच सय कोठाहरू, हाउस अफ् कमन्सको ग्यालरी, हाउस अफ् लर्ड्सको ग्यालरी, महारानी सवारी भएर राज हुने बैठक इत्यादि ऐतिहासिक कोठाहरू हेर्नलायकका छन्। त्यसपछि लन्डनको प्रसिद्ध गिर्जाघर वेस्टमिन्स्टर एब्बेको बाहिरबाटै दर्शन गऱ्यौं। यो त्यही गिर्जाघर हो जहाँ बेलायतका राजारानीलाई राज्याभिषेक गर्दा धर्मगुरुले राजमुकुट पहिराइदिँदा रहेछन्। यो त्यही गिर्जाघर हो जहाँ बेलायतका सबैजसो राजाहरू एवं प्रसिद्ध व्यक्तिहरूलाई समाधिस्थ गराइन्छ र सन् ८०० मा निर्मित यो गिर्जाघरको उत्कृष्ट कालिगडीले हाम्रो कृष्णमन्दिरले झैँ बेलायतको अतीतको सभ्यतालाई छर्लङ्ग्याएको छ भन्नै पर्छ । त्यसपछि केहीबेरको हिँडाइमा हामी पुग्छौं नं. १० डाउनिङ स्ट्रिट जहाँ बेलायतको प्रधानमन्त्री बस्ने भवन देख्दा म छक्क पर्छु। यस भवनभित्र कस्तो थियो त्यो त थाहा पाइनँ तर सहरबीचमै यस्तो साधारण भवनमा प्रधानमन्त्रीको आवास देख्दा एकातिर बेलायतका प्रधानमन्त्रीले महात्मा गान्धीको 'साधारण जीवन, उच्च विचार'लाई नै कार्यान्वयन गरिरहेको जस्तो लाग्यो, अर्कोतिर संसारमा सबभन्दा गरिब राष्ट्रमध्ये गनिएको हाम्रो देशका उच्चाधिकारीहरूले यस्तो सादा जीवन कहिले बिताउलान् ? भन्ने तर्कना पनि उठन लाग्यो।

**सुन्दर टेम्स, बग बिस्तारै**

टेम्स नदीको छेउछाउतिर डुल्दै गएँ। मानिस अक्सर नदीखोलाको किनारातिर बसोबास गर्न मन पराउँछन् । प्राचीन समयदेखि मानवजातिको उत्थान र विकास पनि अधिकांश नदीकै किनारातिरबाट भएको तथ्य सिन्धु, मिस्र, ह्वाङ्हो, मेसोपोटामिया तथा आफ्नै देशका कोसी, कर्नाली र गण्डकीका बेसीहरूको इतिहासबाट देखिन्छ। यसैले पनि होला हाम्रो वेदमा नदीलाई 'अथो ब्रह्म' भनिएको छ।

काठमाडौं सहरलाई पनि पूर्वपट्टि बाग्मतीले र पश्चिमपट्टि विष्णुमतिले अँगालो हाल्न खोजेझैँ घेरा हालेको छ । आफू डुलिरहेको टेम्स नदीको किनारातिर करिब २५०० वर्षअघि सर्वप्रथम रोमनहरूले बस्ती बसाल्न सुरु गरेको यो लन्डन सहर विस्तृत हुँदै हाल सात सय वर्गमाइलको विशाल भूमिमा फैलिएको छ र यहाँ अहिले असी लाखभन्दा बढी मानिसको आबादी छ । लन्डनवासीहरूका निमित्त उहिले टेम्स नदी प्रेरणा र सौन्दर्यको मुहान थियो।

क्रमश:

# गम्भीर राजनीतिक संकटमा भेनेजुएला



विष्णु भट्टराई

दक्षिण अमेरिकी राष्ट्र भेनेजुएला यतिवेला गम्भीर राजनीतिक, मानवीय तथा आर्थिक संकटमा फसेको छ । निर्वाचित राष्ट्रपति निकोलास मदुरोलाई अमेरिकाको समर्थनमा गत २३ जनवरीमा प्रतिपक्षी दलका नेता जुआन गुएइदोले सडकमार्फत आफूलाई भेनेजुएलाको अन्तरिम राष्ट्रपति घोषणा गरेपछि संकट चुलिएको छ ।

राष्ट्रपति मदुरोलाई समर्थन गर्ने वा स्वयंले आफूलाई अन्तरिम राष्ट्रपति घोषणा गरेका गुएइदोलाई समर्थन गर्ने भन्नेमा समेत विश्वका महशक्ति राष्ट्रदेखि अन्य राष्ट्र विभाजित भएका छन् ।

एक समय दक्षिण अमेरिकाको सबैभन्दा धनी मुलुक भेनेजुएलाले अहिले अमेरिकी आर्थिक नाकाबन्दीको मार, धराशयी अर्थतन्त्र, कमजोर मुद्रा, भ्रष्टाचार, भोकमारी, औषधिको अभाव, बढ्दो कुपोषण, लाखौँ गुणाले बढेको चरम मूल्यवृद्धि, बेरोजगारी, विद्युत् आपूर्तिको अभाव, देशको पेट्रोलियम पदार्थको गिर्दो मूल्यलगायत जर्जर समस्याका कारण गम्भीर मानवीय संकट सामना गर्नुपरेको छ । परिणामस्वरूप संयुक्त राष्ट्रसंघका अनुसार ३ करोड २५ लाख हाराहारीमा रहेको जनसंख्यामध्ये गएको वर्ष मात्रै २० लाख भेनेजुएलीले देश छाडिसकेका छन् भने सन् २०१९ मा बाँकी ५० लाख देश छाड्ने स्थितिमा छन् ।

भेनेजुएलामा सन् १९१० को दशकबाटै सानो मरिमाणमा पेट्रोलियम पदार्थ उत्खनन थालिएको थियो । सन् १९२२ मा रोयल डच सेलका भूगर्वविद्को टोलीको अध्ययनले पहिलोपटक भेनेजुएलाको माराकाइबो बेसिनमा विश्वको सबैभन्दा ठूलो पेट्रोलियम पदार्थको भण्डारण रहेको पत्ता लगायो ।

यस क्षेत्रमा भण्डारण पत्ता लागेपछि भेनेजुएलाले प्रत्येक दिन एक लाख ब्यारेलको दरमा पेट्रोलियम पदार्थ उत्खनन गर्न थाल्यो । यसको केही वर्षभित्रै भनेजुएलाका तत्कालीन तानाशाह जनरल जुआन भिसेन्टी गोमेजले पेट्रोलियम पदार्थको उत्पादनका लागि सयभन्दा बढी विदेशी कम्पनीलाई देशमा भित्र्याए ।

सन् १९२९ सम्म आइपुग्दा भेनेजुएलाका वार्षिक पेट्रोलियम पदार्थ उत्पादन १३ करोड ७० लाख ब्यारेलसम्म पुग्यो । यो समय भेनेजुएलाको मुद्रा बोलिभर निकै बलियो बन्यो । सन् १९३५ मा तानाशाह गोमेजको निधन हुँदा भेनेजुएलाको ९० प्रतिशत निर्यात हिस्सा पेट्रोलियम पदार्थले ओगटेको थियो ।

तर, मुख्यतया सन् १९३० को दशकमा भेनेजुएलामा पेट्रोलियम पदार्थको उत्पादन गर्ने रोयल डट सेल, गल्फ र स्ट्यान्डर्ड आयल कम्पनीले मात्रै भेनेजुएलाको पेट्रोलियम बजारको ९८ प्रतिशत हिस्सा नियन्त्रणमा लिएका थिए ।

गोमेजपछिका शासकले पेट्रोलियम क्षेत्रमा सुधार गर्दै सरकारी ढुकुटी बलियो बनाउने प्रयास गरे । यसका लागि सन् १९४३ मा हाइड्रोकार्बन कानुन लागू गरेर भेनेजुएलामा पेट्रोलियम पदार्थ उत्पादन गर्ने विदेशी कम्पनीले आफ्नो नाफाको ५० प्रतिशत हिस्सा सरकारलाई दिनुपर्ने व्यवस्था गरियो ।

यो व्यवस्था लागू भएको पाँच वर्षभित्रै सरकारी कोष ६ गुणाले बढ्यो । सैन्य तानाशाहपछि सन् १९५८ मा भेनेजुएलाले पहिलोपटक प्रजातान्त्रिक सरकारलाई निर्वाचनमार्फत प्राप्त ग(यो । तत्कालीन मुख्य राजनीतिज्ञहरूले पुन्टो फिजो सम्झौतामा हस्ताक्षर गरे, जसले पेट्रोलियम पदार्थको नाफालाई राज्यकेन्द्रित बनायो ।

सन् १९६० मा भेनेजुएला पेट्रोलियम निर्यातकर्ता मुलुकको संगठन (ओपेक) को सदस्य बन्यो, जुन संगठनमा इरान, इराक, कुवेत र साउदी अरेबिया संस्थापक थिए । सोही वर्ष भेनेजुएलाले पहिलोपटक राज्यको स्वामित्वमा रहने पेट्रोलियम पदार्थ उत्पादन गर्ने कम्पनी खोल्यो भने अन्य कम्पनीको ६५ प्रतिशत नाफासम्म आयकर बढायो ।

सन् १९७३ मा आइपुग्दा दक्षिण अमेरिकी मुलुकमध्ये सबैभन्दा बढी प्रतिव्यक्ति आय भएको मुलुक भेनेजुएला बन्यो । यसको दुई वर्षभित्रै देशको ढुकुटीमा १० अर्ब अमेरिकी डलर थपियो । तर, यही समयदेखि राज्यको ढुकुटी दुरुयोग तथा भ्रष्टाचार सुरु भयो । विश्लेषकका अनुसार सन् १९७२ देखि १९९७ भेनेजुएलाको ढुकुटीबाट सय अर्बबराबर हिनामिना तथा भ्रष्टाचार भयो ।

सन् १९७६ मा भेनेजुएलाका तत्कालीन राष्ट्रपति कार्लोस एन्ड्रेस परेजले पेट्रोलियम उद्योगलाई राष्ट्रियकरण गरे । पेट्रोलियम पदार्थको सम्भाव्यता खोजी, उत्पादन, रिफाइनिङ तथा निर्यातका लागि उनले राज्य स्वामित्वको निकाय 'पिडभ्सा' स्थापना गरे । तर, सन् १९८० को दशकमा विश्वको पेट्रोलियम पदार्थको मूल्यमा गिरावट आयो, जसका कारण भेनेजुएलाको अर्थतन्त्र खुम्चिन पुग्यो भने देशमा महँगी बढ्यो । यही समय पेट्रोलियम पदार्थको प्रशोधन गर्ने यन्त्रको खरिदका लागि भेनेजुएलाले ठूलो मात्रामा विदेशी ऋण लियो ।

राष्ट्रपति पदमा पुनः निर्वाचित परेजले सन् १९८९ मा अन्तर्राष्ट्रिय मुद्रा कोषबाट लिएको ऋण तिर्न सरकारी खर्च कटौतिदेखि



करवृद्धिसम्मका प्याकेज ल्याए, जसका कारण देशमा सरकारको यस निर्णयविरुद्ध हिंसात्मक आन्दोलन तथा प्रदर्शन भड्कियो । यस्तो महोलबीच सन् १९९२ मा सैन्य अधिकारी हुगो चाभेजले असफल सैन्य कु प्रयास गरे ।

चाभेजको कु प्रयास असफल भए पनि त्यसपछि उनी भेनेजुएलाको राष्ट्रिय राजनीतिमा उदाए । सन् १९९९ मा निर्वाचनमार्फत चाभेज भेनेजुएलाका राष्ट्रपति चुनिए । सन् १९९० को दशकमा तत्कालीन सरकाले ल्याएको स्वतन्त्र बजार नीतिको सन्दर्भमा जनमतसंग्रहका रूपमा चाभेजको विजयलाई हेरिएको थियो ।

१९९० को दशकमा अन्तर्राष्ट्रिय मुद्रा कोषले ऋण दिने सर्तमा भेनेजुएलामा निजीकरणलाई बाटो खुला गर्नुपर्ने सर्त राखेका कारण सो अवधिमा भेनेजुएलामा बसोवास गर्न कठिन भएको थियो । तर चाभेजले देशको सत्ता सम्हालेपछि पुँजीवाद र समाजवादको मध्यमार्गी बाटो हिँड्ने प्रयास गरे । अमेरिकालगायत विदेशी कम्पनीको खल्तीमा पेट्रोलियम पदार्थ निर्यातको नाफा नजाओस्, देशकै ढुकुटीमा रहोस् भन्नका लागि उनले सरकारको स्वामित्वमा रहेको पेट्रोलियम कम्पनीको पुनर्संरचना गरे ।

पेट्रोलियम क्षेत्रको सुधारसँगै सामाजिक रूपान्तरणकेन्द्रित निकै ठूला कार्यक्रममा उनले लगानी गरे । तर, चाभेज सत्तामा आएसँगै अमेरिकाले भेनेजुएलालाई आफ्नो निसाना बनायो, किनकि सैन्य पृष्ठभूमिबाट आएका त्यसमाथि पनि समाजवादतर्फ झुकाब भएका चाभेजको उदयबाट अमेरिकालाई सहिसक्नुभएको थिएन । अर्कातर्फ, दक्षिण अमेरिकी क्षेत्रमा भिन्न धारबाट उदाएका चाभेज भेनेजुएलाको राष्ट्रियता र सम्प्रभुताको पक्षमा खरो रूपमा प्रस्तुत भएका थिए ।

यसकारण सन् २००२ मा अमेरिकाको समर्थनमा विपक्षीले चाभेजलाई कुमार्फत सत्ताच्युत गर्ने प्रयास गरे । तर, चाभेजले त्यो प्रयासलाई सफल हुन दिएनन्, जब कि अमेरिकाले यस्तो अपेक्षा गरेको थिएन । सेनाको सहयोग भएका कारण चाभेजले कु प्रयासको दुई दिनभित्रै अमेरिकी समर्थनको कठपुतली सरकारलाई पराजित गरेर पुनः सत्ता हासिल गरेका थिए ।

सो कु प्रयासलाई असफल बनाएपछि राष्ट्रका नाममा टेलिभिजन सम्बोधन गरेका चाभेजले मार्क्स र लेनिनलाई उद्धृत गर्दै भेनेजुएलालाई गैरपुँजीवादी समाजको बाटोमार्फत देशलाई सम्पन्न बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए । चाभेज जनतामाझ पनि निकै लोकप्रिय थिए । त्यसयता भेनेजुएलाप्रति अमेरिका झनै कठोर भएको छ । पछिल्लो समय भेनेजुएलालाई आर्थिक रूपमा कमजोर बनाएर अमेरिकाले आर्थिक प्रतिबन्ध लगाएको छ, जसका कारण भेनेजुएलाको पेट्रोलियम पदार्थले बजार पाएको छैन । यसरी आफ्नो आम्दानीको मुख्य स्रोत पेट्रोलियम पदार्थले बजार नपाउँदा देशको अर्थतन्त्र निरन्तर अधोगतिमा लाग्न थाल्यो ।

तत्कालीन अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुस प्रशासनले चलाएको इराक युद्ध, इरान र रुसमाथि लगाएको आर्थिक प्रतिबन्ध तथा नाइजेरियाको हिंसाका कारण विश्वमा पेट्रोलियम पदार्थको माग र भाउ अकासियो । यसर्थ, यस अवधिमा पेट्रोलियम पदार्थको बिक्रीबाट चाभेज सरकारले सन् २००९ सम्ममा देशको आधा गरिबी र बेरोजगारी घटाउन सफल भएको थियो । ५ मार्च २०१३ मा ५८ वर्षको उमेरमा क्यान्सरका कारण चाभेजको निधन भयो ।

चाभेजको निधनपछि निकोलास मदुरो १४ अप्रिलसम्म भेनेजुएलाको अन्तरिम




राष्ट्रपति बने । मदुरोलाई चाभेजले आफ्नो पार्टीको उत्तराधिकारी घोषणा यसअघि नै गरिसकेका थिए । राष्ट्रपति चाभेजको निधनपछि संवैधानिक व्यवस्थाअनुसार ३० दिनभित्र निर्वाचन गर्नुपर्ने हुन्थ्यो । र, यही व्यवस्थाअनुरूप अप्रिल २०१३ मा भएको निर्वाचनमार्फत मदुरो राष्ट्रपति बने । तर देशको जटिल मोडमा राष्ट्रपति बनेका मदुरो सरकारले देशको आर्थिक संकटको सामना गर्नुपर्‍यो । चाभेजले सुरु गरेका सुधारवादी कार्यक्रम (बोलिभारियन कार्यक्रम) लाई मदुरोले निरन्तरता दिन थाले । सन् २०१७ मा अमेरिकाले भेनेजुएलामाथि आर्थिक प्रतिबन्ध लगाएपछि यहाँको अर्थतन्त्र धराशयी बनेको छ ।

चाभेज सरकारलाई झैँ मदुरो सरकारलाई पनि असफल बनाउने प्रयासमा अमेरिकाले हरप्रयास गर्दै आएको छ । अमेरिकाले भेनेजुएलामाथि आर्थिक नाकाबन्दी लगाएपछि मदुरोले पनि अमेरिकी नागरिकलाई भेनेजुएलामा व्यवसाय गर्न प्रतिबन्ध लगाए ।

सन् २०१४ मा अमेरिकासँगको साँठगाँठमा साउदी अरेबियाले भेनेजुएलाको पेट्रोलियम बजारलाई धराशयी बनाउन आफ्नो पेट्रोलियम पदार्थको मूल्य घटाएर बजार विस्तार गर्ने कामलाई तीव्रता दियो, जसका कारण प्रतिब्यारेल एक सय १० अमेरिकी डलरबराबरको मूल्य प्रतिब्यारेल २८ अमेरिकी डलरसम्म पुग्यो ।

अमेरिकाको विरोधी शक्तिलाई निस्तेज गर्ने नियतले यस्तो कदम लक्षित थियो । साउदीले पेट्रोलियम पदार्थको मूल्य घटाउँदा भेनेजुएलाको राष्ट्रिय बजेट तथा अर्थतन्त्रमा ठूलो असर परेको छ । पछिल्लोपटक अमेरिका र भेनेजुएलाको कूटनीतिक सम्बन्धमा तनाव सिर्जना भएपछि अमेरिकाले यही २९ जनवरीदेखि भेनेजुएलाको पेट्रोलियम पदार्थ निर्यातमा पूर्ण प्रतिबन्ध लगाउने घोषणा गरेको छ ।

मे २०१८ मा भएको निर्वाचनमा मदुरो दोस्रो कार्यकालका लागि ६७.८ प्रतिशत मत हासिल गर्दै पुनः निर्वाचित भए । तर, धेरै विपक्षी दलले सो निर्वाचनमा भाग नलिएका कारण यो निर्वाचन विवादास्पद बनेको छ ।

निर्वाचनअघि मदुरो सरकार र विपक्षी दलबीच निर्वाचन मिति तथा अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षक राख्ने सम्बन्धमा पटक-पटक भएका वार्तामा सहमति जुट्न नसके पनि मदुरो सरकारले तोकिएकै समयमा निर्वाचन गरायो भने धेरै विपक्षीले बहिष्कार गरे ।

आफूमाथि दमन गरिएको, निर्वाचनमा सहभागी हुन नदिएको, निर्वाचनमा धाँधली भएको आरोप विपक्षी दलले लगाउँदै आएका छन् । अमेरिका, युरोपियन युनियन तथा धेरै दक्षिण अमेरिकी मुलुकले सो निर्वाचन निष्पक्ष नभएकाले पुनः निर्वाचन गुर्नपर्ने भन्दै मदुरो सरकारमाथि दबाब दिँदै आएका थिए ।

गत १० जनवरीमा ५६ वर्षे मदुरोले आफ्नो दोस्रो ६ वर्षे कार्यकाल सम्हाले पनि अमेरिकालगायत प्रमुख युरोपेली तथा दक्षिण अमेरिकी मुलुकले उनलाई राष्ट्रपतिको मान्यता नदिने अडान दोहोर्‍याए ।

यस्तो महोलबीच गत २३ जनवरीमा आफ्ना हजारौँ समर्थकसाथ सडक प्रदर्शनमा उत्रिएका भेनेजुएलाका विपक्षी दल नेसनल एसेम्ब्लीका नेता हुँवा गुएइदोले सडकबाटै आफूलाई देशको आन्तरिक राष्ट्रपति घोषणा गरेका छन् । गुएइदोको यस्तो घोषणालगत्तै अमेरिकाले उनलाई अन्तरिम राष्ट्रपतिको मान्यता दिएको छ भने क्यानडा, बेलायत, युरोपेली मुलुक तथा केही दक्षिण अमेरिकी मुलुकसहित २० भन्दा बढी देशले गुएइदोलाई मान्यता दिने घोषणा गरेका छन् ।

पछिल्लो राजनीतिक तथा आर्थिक संकटका कारण भेनेजुएला गम्भीर मानवीय संकटको चपेटामा फसेको छ । सिरियापछि एक्काइसौँ शताब्दीकै सबैभन्दा ठूलो मानव सिर्जित गम्भीर मानवीय संकटमा भेनेजुएला फसेको छ । संयुक्त राष्ट्र संघका पूर्वयापोटर अल्फ्रेड जयासले भेनेजुएलाको आर्थिक तथा मानवीय संकटको वास्तविक कारण अमेरिकाले लगाएको आर्थिक प्रतिबन्ध भएको भन्दै अमेरिकी कदमको आलोचना गरेका छन् । भेनेजुएलाको पछिल्लो राजनीतिक विकासक्रमलाई लिएर गत २४ जनवरीमा नोम चोम्स्कीलगायत विश्वका ७० जना विद्वान्ले अमेरिकालाई खुला पत्रमार्फत भेनेजुएलाको आन्तरिक मामिलामाथि उसले गरेको हस्तक्षेपको संयुक्त रूपमा भर्त्सना गरेका छन् ।

देशको राजनीतिक अस्थिरता, भोकमरी, अकासिएको महँगी, खाद्यान्न अभाव, औषधि अभाव, भ्रष्टाचार, रोजगारीको अभाव, बढ्दो आपराधिक गतिविधिलगायतका कारण लाखौँ भेनेजुएली नागरिले देश छाडिसकेका छन् । संयुक्त राष्ट्र संघका अनुसार सन् २०१५ यता मात्र देश छाड्ने भेनेजुएली नागरिकको संख्या ३० लाख नाघिसकेको छ, जुन देशको जनसंख्याको झन्डै १० प्रतिशत हो ।

भेनेजुएलामा खाद्यान्न अभाव कहालीलाग्दो बनेको छ । विशेषतः विपन्न वर्ग भोकमरीको खतरामा छन् । एक सर्वेक्षणअनुसार खाद्यान्न अभावका कारण मानिसले खाद्यान्नको खपत कम गरेका छन् । इकोभीले गरेको एक सर्वेक्षणअनुसार १० जनामध्ये आठजनाले खाद्यान्न अभावका कारण कम खाद्यान्न खपत गर्नुपरेको बताएका छन् भने १० जनामध्ये ६ जनाले खाद्यान्न खरिद गर्ने रकम नभएका कारण पेटभरि खान नपाएको बताएका छन् । पेटभरि खान नपाएका कारण सर्वेक्षणमा सहभागीमध्ये ६४.३ प्रतिशतले सन् २०१७ मा औसत ११.४ केजी शरीरको तौल घटेको बताए । परम्परागत खाद्यान्नको परिणाम र गुणस्तरसमेत निरन्तर गिर्दो छ । शरीरका लागि अत्यावश्यक आइरन, भिटामिन, प्रोटिनलगायत तत्वको अभाव भएको छ । ८२ लाख जनसंख्याले मुस्किलले दुई छाक खान पाएका छन् । गरिबको खाद्यान्न भनेर चिनिने जराका रूपमा आउने आलु तथा कन्दमुलजस्ता खाद्यान्नलाई उनीहरूले विकल्पका रूपमा प्रयोग गर्न थालेका छन् ।

*एजेन्सीको सहयोगमा*

# कस्तो भूगोलमा चिया खेती हुन्छ

■ **एस टी शेर्पा**

विश्व बजारको आवश्यकता बमोजिम नेपाली चिया उद्योगीले अर्थोडक्स ह्वाइट गोल्ड र ग्रीन गोल्ड चियाहरु अर्गानिक लक्ष्यसहित उत्पादन प्रारम्भ गरेको गौरवशाली इतिहास छ । इतिहासमा परम्परागत गैरअर्गानिक चिया उत्पादन थियो । तर, बढ्दो शहरीकरणसँगै रसायन र विषादीको सहयोगमा लामो समयसम्म टिक्ने प्याकेजिङ गरिएको एन्टीडोटेट फुड टेक्नोलोजीमा आधारित खाद्यबस्तुले स्वस्थ्यलाई खराव बनाउँदै लगेकै कारण रसायन र विषादीरहित खाद्यपदार्थका लागि अर्गानिक साइन्सको विकासमा अध्यायन तथा अनुसन्धान समेत प्रारम्भ भएको छ चियालाई केन्द्रमा राखेर ।

एकजना मानिस स्वस्थ र दीर्घ जीवन जीउन सके उनको बौद्धिक शक्ति र सामाजिक आर्थिक हैसियत समेत उच्च हुने हुँदा कम्तिमा पेयापदार्थ अर्गानिक हुन जरुरी छ । विश्वमा अतिथि सत्कारदेखि विहानी प्रारम्भमा चियालाई मानिसले प्रथम सेवन पदार्थको रूपमा लिने गरेकै कारण चिया अर्गानिक हुन जरुरी छ । अहिले स्वस्थ्य विज्ञान तथा प्रतिस्ठानलगायत विश्वविद्यालयको अनुसन्धानमा दूधमा रहेको कोलिफर्म र चिनीको प्रयोग गरिने सिटिसी प्रविधिका काला चियाले खानामा रुची घटाई ग्यास्ट्रिक हुँदै अल्सर टु क्यान्सरको यात्रासम्म गराउने खतरा रहेको पुष्टि भइसकेको वर्तमान अवस्थामा ग्रीन टी सेवन अनिवार्य बनेको छ । हाते बनौटका गुन्द्रुक जस्तै देखिने ह्वाइट गोल्ड र ग्रीन गोल्ड चिया हाम्रो उत्पादन हो । अधिकांश नेपालीहरूलाई ग्रीन टी प्रयोगमा साक्षरता समेत छैन । मानिसलाई स्वस्थ रहन विषादी र रसायन रहित खाद्यपदार्थ सेवन जरुरी छ । आज आधुनिक मलको प्रयोग र कीरा मार्न कीटनासक औषधीको प्रयोगको कारण क्षणिक आम्दानी बढेतापनि विषादी र रसायनसहितको खानाले लाखौं खर्च लाग्ने रोग लागेर अस्पताल चलाउन योगदान गरेका छन् नेपाली जनताले ।

आज नेपाली बाँच्नका लागि खाँदैनन् । अघाउनका लागि खान्छन् खाना । भविष्यको नेपाली बाँच्नका लागि खाने छन्, अघाउनका लागि होइन । रसायन र विषादी भएको खतरापूर्ण खाद्य टोकरी र अर्गानिक विज्ञानको फ्रेमको खतरारहित खाद्य टोकरीमा विभाजन गरी प्रयोग गर्ने क्षमता सहितको नेपाली हाम्रो यात्रा र भविष्य हो । खतरारहित खाद्य टोकरीले अस्पताल जान र ठूलो धनसम्पति खर्च गर्नबाट बचाउने छ । जसले स्वस्थ रहन र दीर्घ जीवनमा योगदान दिनेछन् ।

नेपाली उत्पादनविरूद्ध विदेशी मुद्रा आर्जन गर्ने अभियान सञ्चालन गर्न हिमालयको रत्नबाट सफलता पाइएको छ । हिमालयको जडिबुटीको इतिहास धार्मिक साहित्यसँगै अध्यायन तथा अनुसन्धानबाट स्पष्टीकरण प्राप्त भएकै छन् इतिहास र वर्तमानमा यसको महत्वपूर्ण भूमिका मानव स्वस्थ्यको सवालमा । यार्चा गुन्बु नेपालीको सामाजिकआर्थिक क्षमताले सेवन गर्न सक्ने अवस्था छैन । अधिकांश नेपाली यार्चा गुन्बुबारे अनविज्ञ छन् । ग्रीन टीलाई स्वाद र रंगका आधारमा वर्गीकरण गरिन्छ । ग्रीन टीको सेवन शक्तिवर्द्धक हुन्छ । साधारणतय कडा कालो रंगको प्रयोगमा चियालाई बुझेका सर्वसाधरणलाई ग्रीन टीबारे सामन्य जानकारी समेत पाइन्न । बजारमा पाइने ग्रीन टीको वर्गीकरण ह्वाइट टी, गोल्ड टी, सिल्भर टी, ग्रीन टी, अर्थोडग्स ब्ल्याक टी समेत चार किसिमका चिया उत्पादन गरेको पाइन्छ । सामन्यतया चियालाई तातोपानी वा चिसो पानीमा भिजाएपछि आउने रंग भनेको गोल्डेन र ग्रीन मात्रै हुन्छन् । गोल्ड कलर र ग्रीन कलर कुन चियाबाट प्राप्त हुन्छ भन्ने कुरा चाहिँ महत्वपूर्ण हो । ह्वाइट गोल्ड चियाबाट गोल्डेन कलर पाइन्छ । त्यस्तै ग्रीन गोल्डबाट ग्रीन कलर पाइन्छ । मौसम र सक्रियताले सिल्भर ग्रीन टी बनाउन सकिन्छ ।

चिया बगानमा धेरै थरी चियाको बोट पाइन्छ । सबै चियाको बोटबाट ह्वाइट गोल्ड र ग्रीन गोल्ड चिया बन्दैन । घुम्ती प्रजातिको चियाको बोटबाट ह्वाइट गोल्ड चिया बनाउन सकिन्छ । त्यस्तै तकदा प्रजातिलगायत अन्य चियाबाट ग्रीन गोल्ड चिया बनाउन सकिन्छ । तकदा चियाबाट ह्वाइट गोल्ड चिया बन्दैन । ह्वाइट गोल्ड चिया स्वादिलो र अधिक सेवन गर्न सकिन्छ । तर, ग्रीन गोल्ड चिया तीतो टर्रो स्वादमा हुन्छन् । धेरै पिउने बानी लगाउन सकिँदैन । परम्परागत कालो सिटिसी चिया जस्तै तीतो टर्रो चाहिँ हुँदैन ।

यो चिया बनाउन सूर्यको प्रकाश मुक्त सफा घरमा सफा टेबुल सहित प्लास्टिकको झोला र नाङलो भए तमाम काम सम्पन्न हुन्छ । रसायन र विषादी मुक्त औद्योगिक क्षेत्रको चिया बगानबाट ग्रीन बेवी लिफ अर्थात टुसाएको मुना संकलन गरेर सूर्यको प्रकाश नछिर्ने घरमा चियालाई ओइलाउने काम गरिन्छ । राम्ररी ओइली सकेको चियाको मुनालाई सफा हातले सफा चिल्ला टेबुलमा हातले बिस्तारै रोल्ड गरेर चियालाई डल्लो बनाइन्छ । यसरी रोल्ड गर्दा मुनालाई टुक्रन दिनु हुँदैन । रोल्ड गर्ने क्रममा हातमा चियाबाट अलिअलि तरल पदार्थ आउन थालेपछि चियालाई सफा प्लास्टिकको थैलोमा पोको पारेर न्यानो वातावरणमा राखिन्छ । त्यो पनि सूर्यको प्रकाश मुक्त क्षेत्रमा नै । यसरी पोको बनाइएको चियामा तीन(चार घण्टमा गोल्ड कलर देखिन्छ । रोल्ड गर्ने क्रममै चियामा सुगन्ध आउन थाल्छ । सबै मुना गोल्ड बनेपछि सफा नाङ्लोमा सूर्यको प्रकाश मुक्त घरमा सुकाउनुपर्छ ।

सामन्यतया चिया भौगोलिक अवस्था अनुसार फरक-फरक मौसममा टिप्न शुरुआत हुन्छ । हिमालयन एसटी शेर्पा ग्रीन टी स्टेटको चिया बगान ९ हजार फिटदेखि ६ हजार ५ सय फिट सम्म छरिएका बगानहरुमा छन् । चैतको पहिलो हप्ताबाट चिया टिप्न शुरुआत हुन्छ । महिनामा न्यूनतम तीनपटक चिया टिप्न सकिन्छ । कार्तिक महिनासम्म चिया टिप्न योग्य हुन्छ । अहिलेसम्म कुनैपनि विश्वविद्यालय र अनुसन्धाताले चिया र माटोलाई जोडेर अध्यायन तथा अनुसन्धान गरेको पाइएको छैन । भारतीय विश्वविद्यालयमा चिया खेती तथा उद्योगबारे पढाइ भइरहेको पाइन्छ । नेपालमा झापा क्याम्पसमा चिया खेती र उद्योगबारे पढाइ भइरहेका छन् । तर, चियालाई यही मौसम, भूगोल र हावापानी भनेर विशिष्टिकरण नगरेको अहिलेको अवस्थामा हिमालयन एसटी शेर्पा ग्रीन टी स्टेटको अनुसन्धान कार्यलाई वैज्ञानिक ठहर गरिएको छ । जंगलमा चियासँग मिल्ने उस्तै बनौट, स्वाद र रंगको बनस्पति झिङगेनी र हिब्बुवा पाइन्छ । हिब्बुवाको डाँठ, पात र फलको विशेषता चियासँग मिल्छ । तर, अन्य विशेषता भने ल्याव टेस्ट गरेर भन्न सकिन्छ । त्यस्तै चियासँग झिङ्गेनीका अधिकांश पाटो मिल्छ । फूल र फल मिल्दैन । यही दुईवटा बनस्पतिलाई चिया जस्तै प्रजाति मानेर चियाका लागि उपयोगी भूगोलको छनौट गर्न सकिन्छ । हिब्बुवा र झिङ्गेनीको लेबलसम्म चिया खेती राम्रो हुन्छ भन्ने सफल अनुसन्धान हो ।

चियाको प्रयोगको इतिहास तत्कालीन चिनियाँ राजा सेन नुङको समय इपू २७३७ बाट शुरुआत भएको थियो । इतिहासकालको प्रारम्भमै चियाको प्रयोग औषधीय गुण भएको पेयपदार्थको रूपमा प्रचलनमा आएको पाइन्छ । समयको परिवर्तन सँगसँगै मनोरञ्जनात्मक पेय पदार्थको रूपमा लिइयो । चियाको बारे सन् १६५६ मा बेलायतमा प्रकाशित पहिलो विज्ञापन अनुसार चियाको प्रयोगबाट धेरै किसिमको रोगहरु निदान गर्ने जनाइएका थिए । डच र पर्तुगीस व्यापारीहरुका अनुसार चियाले पेटको समस्या, ट्युमर, टाउको दुख्ने रोगको निदान हुने सन्देश उपभोक्तलाई दिइएको पाइन्छ । करीब तीन हजार वर्षपछि आज अर्गानिक चियाले हेल्थ कण्डिस्नरकै काम गर्न थालेको विज्ञानले माणित गरेका छन् । चियाको मुनामा पाइने पोलिफेनोल्समा एन्टी कारसिन्जेनिक तत्व, फ्लेभोनाइडस् जस्ता एन्टीअक्सिडेन्टस् हुने हुनाले धेरै रोग लाग्नबाट बच्न सकिन्छ । चियामा पाइने इसीजीसी तत्व अन्य कुनै बनस्पतिमा पाइँदैन । चियामा पाइने प्राकृतिक एन्टीअक्सिडेन्टस्लाई रोग निरोधक मानिन्छ ।

कपालको ट्रिटमेन्ट पनि ग्रीन टीबाटै गर्ने स्वस्थ्य उपचारको थालनी भएको छ । भिजाएको ग्रीन टीले कपाल मसाज गर्नाले कपाल नझर्ने, चायाँ कम हुने र टाउको दुख्ने रोग कम हुने गरेकै कारण विभिन्न छालाजन्य तथा सौन्दर्यतामुखी उत्पादनहरुमा ग्रीन टी फ्लेभरमा बनाउन थालको छन् । ग्रीन टी अर्गानिक साइन्सको मेरुदण्ड बनेका छन् ।

चिल्लो तथा एन्टीडोटेट फुडका कारण अनआवश्यक रूपमा बढेको तौल कम गर्न अर्गानिक हेल्थ कण्डिस्नरको रूपमा ग्रीन टीको प्रयोग गरिन्छ । अर्गानिक ग्रीन टीको प्रयोगबाट चिल्लो पदार्थ पसिनासँगै तत्काल रिजेक्सन त्याग गरेर स्वस्थ रहन सहयोगी भूमिका खेल्छ भने पुराना तथा नयाँ बोसो पगाल्ने काम गर्छ । बोसेदार अवस्थाकै कारण लाग्ने रोगहरुबाट बच्न पनि यो चियाको भूमिका वैज्ञानिक छ ।

सहरी जीवनमा मर्निङ वाल्क महत्वपूर्ण हुन्छ । त्यस्तै शारीरिक अभ्यास पनि जरुरत छ । तर, काठमाडौं धूलोमाडौं भनेझैं संसारमा सहरमा उस्तै खराब मौसम हुने हुँदा अझ रोगी हुन्छन् । त्यसकारण यो समस्याको विकल्पमा ग्रीन टी प्रयोग गरेर मानिसले आफूलाई निरोगी राख्न सकिन्छ ।

*(लेखक: हिमालयन एसटी शेर्पा ग्रीन टी स्टेट प्रा.लि.का अध्यक्ष हुन्)*

प्रेरक

## सफलताको पहिलो सिंढी

स्कुलका अनेकौं छात्रमध्ये उनी नै विशेष मेधावी मानिन्थे। एकपटक स्कुलमा कथा लेखन प्रतियोगिता आयोजना गरियो । कथा लेख्नका लागि सबैलाई एक महिनाको समय दिइयो । केवल ती विद्यार्थीलाई मात्र होइन, उनका सबै साथी र अध्यापकलाई उनैले पुरस्कार पाउने विश्वास थियो। तर उनले भने केवल एउटा कथा लेखनका लागि एक महिनाको समय दिनु भनेको मूर्खता हो भन्ने लागिरहेको थियो । त्यसैले उनले समयमै कथा तयार गरेनन्। जब दुई दिन बाँकी रह्यो तब मात्र उनले हतार हतारमा एउटा कथा लेखे र आयोजकलाई दिए।

जुन दिन पुरस्कारको घोषणा गरिँदै थियो, त्यो दिन विद्यार्थीहरु बडो उल्लासका साथ स्कुल पुगे । निर्धारित समयमै परिणाम घोषित भयो । तर यसपटक पहिलो पुरस्कार उनले हैन अरु नै कुनै छात्रले हात पारे। आफूले पुरस्कार पाउन नसकेपछि उनी क्षुब्ध भएर घर फर्किए। घर पुगेपछि उनी डाको छोडेर रुन थाले।

उनी रोएको उनकी दिदीले देखिन् र भनिन्- भाइ तिमीले पुरस्कार पाएनौ। त्यसैले तिमी रोएका हौ ? तर यसपटक तिमीले पुरस्कार पाउँदैनौ भन्ने मलाई पहिल्यै थाहा थियो । एक महिनाको काम तिमीले दुई दिनमा पूरा गर्‍यौ भने यसुबाहेक अर्को परिणाम आउँथ्यो त ? ठीक समयमा काम नगर्ने र अन्तिममा मात्र हतार गरेर काम पूरा गर्ने तिम्रो बानी छ। त्यसैले आज यस्तो परिणाम आएको हो। त्यसपछि फेरि उनले भाइको गाला थप्थपाउँदै स्नेहपूर्वक भनिन्- हेर भाइ अब रोएर केही फाइदा छैन । यदि साँच्चीकै तिमीलाई पराजयको दुःख छ भने तिमीले यस घटनालाई माथि जान पहिलो सिँढीका रुपमा सम्झनु र भविष्यमा यस्तो भूल फेरि अर्को चोटि दोहोरिन नदिनु। अनि तिमीले कहिल्यै यसरी निराश भएर रुनुपर्ने दिन आउने छैन।

दिदीको कुराले उनको आँखा खोलिदियो र उनले यसलाई आदर्श मानेर आफैंलाई दिदीले बताएजस्तै साँचोमा ढाल्ने प्रयास गरे। पछि गएर यिनै बालक अर्नेस्ट हेमिङ्वे नामले विश्व प्रसिद्ध साहित्यकारका रुपमा चम्किए । उनले साहित्यमा प्रतिष्ठित नोबेल पुरस्कार समेत प्राप्त गरे।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष
नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। रचनात्मक काम बन्नुका साथै मनग्गे धन आर्जन हुनेछ। पहिलेको सफलताले थप हौसला जगाउनेछ । विछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। विगतका कमीकमजोरीलाई सुधार गर्ने मौका छ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ।

### बृष
काममा अनायासै व्यवधान देखा पर्न सक्छ । भैपरी आउने खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ। फाइदाका लागि दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला। व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ। अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका हुन सक्छ। खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला। शुभचिन्तकहरूलाई बेवास्ता गर्नाले पनि दुस्ख पाइनेछ।

### मिथुन
मिहिनेतले आम्दानी बढाउनेछ । आयस्रोत बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ। कृषि तथा पशुपालनमा त्यति लाभ नभए पनि व्यापारमा प्रशस्त फाइदा हुनेछ । दिगो फाइदा हुने काम प्राप्त हुन सक्छ। श्रमको उचित मूल्यांकन होला । पढाइमा प्रगति हुनेछ। तर आँटेको काममा अरूको मुख ताक्नाले पछि परिनेछ। प्रतिफल हातपार्न केही समय लाग्नेछ।

### कर्कट
राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । मिहिनेत गर्दा जीवनशैलीमा परिवर्तन आउनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ। पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ । सामाजिक काम गर्ने अवसर प्राप्त हुनेछ। अरूलाई प्रभावित पारेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ।

### सिंह
मेहनतले पदीय जिम्मेवारी दिलाउनेछ । नसोचेको अवसर प्राप्त हुनाले मन प्रफुल्लित हुनेछ। टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ । भाग्यले विभिन्न अवसर थमाउनेछ। काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। शुभचिन्तकहरूले साथ दिनाले पहिलेको चुनौती समाप्त होला । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। धेरैले आफ्ना कामको तारिफ गर्नेछन्।

### कन्या
स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला । शुभचिन्तकहरूले केही आशा जगाउनेछन्। तर अरूको भर पर्दा काम अधुरो रहनेछ । सोचेको समयमा काम नबन्न सक्छ । आफ्ना सूचना बाहिरिने समय रहेकाले गोपनीयतामा ध्यान पुर्‍याउनुहोला। मिहिनेतले स्थितिमा सकारात्मक परिवर्तन ल्याउनेछ।

### तुला
नैतिक संकटले सताए पनि प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनेछन्। छोटो समयमा फाइदा उठाउन सकिनेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । उपहारले काममा उत्साह जगाउला । मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ । सुखदुःखमा साथ दिनेहरू प्रशस्तै भेटिनेछन्। परिवारजनको साथले उत्साह जगाउनेछ।

### वृश्चिक
प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ। रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ। पुरुषार्थले प्रतिस्पर्धीहरूको मनोबल कमजोर पार्न सकिनेछ । पहिलेका दुश्मनहरूले समेत मित्रताका हात अघि बढाउनेछन्। स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। हिम्मत गर्दा जटिल काम समेत सम्पादन हुनेछ।

### धनु
अवसर प्राप्त हुनुका साथै भाग्यले साथ दिनेछ। प्रयत्न गरेका काम सजिलै सम्पादन हुनेछन् । अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ । सेवामूलक कामबाट फाइदाको स्रोत पहिल्याउन सकिनेछ। प्रतीक्षा गरिएको नतिजा सबल रहनेछ। सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । व्यापार तथा कृषि क्षेत्रबाट लाभ मिल्नेछ।

### मकर
निर्णय लिएर पनि परिस्थितिअनुसार चल्न नसक्ता पछि परिनेछ । पुरानो सम्झौता तोड्नुपर्ने आवश्यकता पर्न सक्छ । दिगो योजनाका साथ अघि बढ्दा बिस्तारै लाभ मिल्नेछ। अरूको व्यवहारले शंका उब्जाए पनि शुभचिन्तकहरूको साथ प्राप्त हुनेछ। महत्वाकांक्षी योजना कार्यान्वयनमा आफ्नैले बाधा पुर्‍याउन सक्छन्। बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्न सक्छ।

### कुम्भ
नयाँ काम प्रारम्भ गर्ने समय छ। चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ। दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिनेछ। लगानी गर्दा व्यवसायमा मनग्गे धनलाभ हुनेछ । आलस्य त्यागेर मिहिनेत गर्दा फाइदा उठाउन सकिनेछ । पहिलेको उपलब्धिले पनि उत्साह जगाउनेछ। प्रतिस्पर्धीहरूले समेत सहयोगका हात फैलाउनेछन्।

### मीन
मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । मान(सम्मान प्राप्त हुनेछ । सम्पादित कामबाट धन लाभ हुनेछ । आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ। अध्ययनमा प्रगति हुनेछ। बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने अवसर प्राप्त हुनेछ । चिताएको काम सम्पादन हुनेछ। पहिलेका कमजोरीलाई सुधार्ने मौका छ।

## बर्षा र संजोगले गरे इन्गेजमेन्ट

नायक संजोग कोइराला र नायिका बर्षा राउतले इन्गेजमेन्ट गरेका छन्। यो जोडीले सोमबार इन्गेजमेन्ट गरेको हो। इन्गेजमेन्टमा बर्षा र संजोगकको परिवार मात्र उपस्थित थिए। यो जोडीले फागूण २ गते प्रेमदिवसको अवसर पारेर बिहे गर्दैछ। बिहेमा पनि आफन्तलाई मात्र निमन्त्रणा गरिएको छ।

यो जोडीले फागूण ३ गते भने काठमाण्डौमा चलचित्रकर्मीका लागि पार्टीको आयोजना गरेको छ। बिहेपछि यो जोडीले आफ्नो नामलाई समेत मिलाएर एउटै नाम बनाएको छ। अब यो जोडीको नाम 'सन्सा' राखिएको छ। बलिउडबाट सुरु भएको यो शैली नेपालमा पनि अहिले व्याप्त छ।

## समर लभ प्रदर्शनको तयारीमा

चुरोट, रक्सी र सेक्स। सुविन भट्टराई लिखित उपन्यास 'समर लभ' मा यति मात्र छैन। प्लस टु पुस्ताको हठात् ध्यान खिच्ने केही मिहिन तत्व उपन्यासमा छ, जसले पाठकलाई वैंशालु पिरतीको गहिराईमा पुर्‍याउँछ। यही उपन्यासमाथि बनेको चलचित्र अहिले प्रदर्शनरत छ, समर लभ। यो चलचित्रले गर्भबाट नै दुई वटा चुनौती बोकेर आएको छ, पाठकले एकसरो छिचोलिसकेको कथालाई दृश्यभाषामा बदल्ने र दर्शकलाई प्रेमिल(भावमा वहकाउने। दुबै कुरा चुनौती हो, खासगरी नेपाली सिनेमाको सन्दर्भमा। हामीकहाँ अहिलेसम्म कृतिमाथि यस्ता चलचित्र बनेका छैनन, जो दर्शक र कृतिकार दुबैका निम्ति सुरुचीपूर्ण होस्। उपन्यासरकथामाथि अनगिन्ती चलचित्र बनेका छन्, तर ति अधिकांशमाथि लेखकले चित्त दुखाएका छन्। दर्शकले नाक खुम्च्याएका छन्।

## ईश्वरको "नहेर म तिर" सार्वजनिक

गायक इश्वर मगियाको स्वरमा नयाँ गीत सार्वजनिक भएको छ। सार्वजनिक 'नहेर म तिर' बोलको गीतमा गायक इश्वर कै शब्द तथा संगीत रहेको छ। 'मैच्याङ' एल्बममा समावेश यस गीतबाट गायक इश्वर निकै आशावादी छन्। उनले आजसम्म लगभग एक दर्जन गीती एल्बम सार्वजनिक गरिसकेका छन्।

गीतको भिडियोमा भिमफेदी गाइज र निरञ्जली लामाको अभिनय रहेको छ।पवन सुलिङले खिचेको भिडियोमा माधव पाण्डेले ड्रेन उडाएका छन्। निर्माल लामा निर्देशित भिडियोलाई पवन सुलिङले नै सम्पादन गरेका हुन्।

## नेपालगन्जमा अनमोलको क्रेज

करीब एक वर्ष भयो सुपरस्टार अनमोल केसीको फिल्मको प्रतिक्षामा बसेका दर्शकहरु। गत वर्ष प्रदर्शनमा आएको फिल्म 'कृ' पछि उनी यस वर्षको फागुन १७ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'क्याप्टेन' मार्फत् दर्शकलाई भेट्दैछन्।

अहिले उनी यस फिल्मको प्रचारलाई चुस्त(दुरुस्त बनाउन व्यस्त छन्। फिल्मको राम्रो प्रचार हुने ठाउँ उनले कुनै छाडेका छैनन्। अहिलेसम्म कुनै महोत्सवको स्टेज नउक्लिएका उनी यस फिल्मको प्रचारका लागि नेपालगन्जमा जारी 'खजुरा महोत्सव' मा सहभागी हुन पुगेका छन्। आइतबार उनको एक झलक हेर्नका लागि करीब २४ हजार बढी दर्शक महोत्सवमा उर्लिएका थिए।

दर्शकको चर्को मागपछि आयोजकले अनमोललाई महोत्सवमा महँगो पारिश्रमिकमा निम्त्याएको थियो। अनमोललाई भने उक्त महोत्सव 'पशुपतिको जात्रा सिद्गाको व्यापार' झैं भयो। महँगो पारिश्रमिक पनि पाए भने फिल्मको जमेरै प्रचार पनि गरे।

चैत २९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'ए मेरो हजुर ३' को आइतबार सार्वजनिक भएको टिजरले युट्युबमा राम्रो भ्यूअर्स बटुल्दै गर्दा 'खजुरा महोत्सव' को स्टेज चढेका अनमोललाई हजारौं दर्शकले ताली र हुटिङले न्यानो माया दर्शाएका थिए। उनी कडा सुरक्षाको बीच साँझको करीब ५ बजे स्टेज चढेका थिए। उनले पटक(पटक 'क्याप्टेन' को रिलिज डेट दर्शकलाई स्मरण गराइरहे। उनी बेला(बेलामा माइक तेर्साएका सोध्थे( 'क्याप्टेन' कहिले रिलिज हुन्छ रे ?' हजारौं दर्शकले एकसाथ भन्थे( 'फागुन १७।' उनले स्टेजमै 'क्याप्टेन' को गीत 'रहर छ सँगै' बोलको गीतमा डान्सका केही स्टेप देखाए भने फिल्मको केही डाइलग पनि सुनाए।

## २० दिनमै सकियो अर्पणको "घर"

भर्सटायल अभिनेता अर्पण थापा निर्देशित हरर फिल्म 'घर' को सोमवार इन्डक्ल्याप भएको छ। फिल्मको छायांकन २० दिनमा नै सकिएको हो। छोटो समयमा फिल्मको छायांकन सकिए पनि उत्कृष्ट बनाएको दाबी यसकी निर्मात्री शर्मिला पाण्डेले गरेकी छिन्। काठमाण्डौको बुढानिलकण्ठ आसपास यो फिल्मको छायांकन गरिएको छ। निर्देशक अर्पण स्वयंको कथामा फिल्म आधारित छ भने उनी नै लिड रोलमा छन्। उनको साथमा दुई नायिका बेनिशा हमाल र सुरक्षा पन्तको मुख्य भूमिका छ।

फिल्मलाई डीएस डिजिटलको ब्यानरमा निर्माण गरिएको हो। निरज कँडेलले फिल्म खिचेका हुन्। दीपेन्द्र के खनाल र सुरज पाण्डे प्रस्तुतकर्ता रहेको फिल्मको प्रदर्शन मिति केही दिनमा तोकिने निर्देशक थापाले बताए।

SOS MANPOWER SERVICE (P) LTD.

www.sosmanpower.org

विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्

ISO 9001 JAS-ANZ

Handphone : 9851024628

G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53

Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Substantiate = यथार्थमा परिणत गरि देखाउनु Substantiating every concept requires both time and resources (कुनै पनि सोचलाई यथार्थमा परिणत गर्न समय र श्रोत दुवैको उत्तिकै आवश्कता पर्दछ )

Trepidation = डर Having a feeling of trepidation before interview is a normal phenomenon (अन्तर्वार्ताको अगाडि डरलाग्नु एक सामान्य प्रवृत्ति हो )

Unravel = वाधा अडचन फुकाउनु । समाधान गर्नु She is quite pragmatic and unravel any complexity without much effort (तिनी ज्यादै ब्यवहारिक छिन र कुनै पनि समस्या विना ठूलो प्रयास सजिलै समाधान गर्दछिन आफुले दर्शाएको जतिनै प्रेम नदर्शाएकोमा उनी आफ्नो प्रेमी प्रति क्रोधित भइन )

Virtuous = अतिनै दक्ष कलाकार Already at the age of 18, he was quite a virtuous (१८ औं वर्षको उमेरमा ऊ दक्ष कलाकार वनीसकेको थियो)

Woe = गहिरो सहन नसकिने वेदना वा दुख At his mother's demise, he passed many days with woe (आमाको मृत्युमा उस्ले धेरै दिन सम्म दुखित भएर वितायो)

Artless = छक्का पंजा गर्न नजान्ने, पूर्वाग्रह विना He is expert in making artless comment (उ विना पूर्वाग्रह टिप्पणी गर्न सिपालु छ )

Brevity = छोटोपन When you send a telegram, brevity is essential because you have to pay for every word (यदि तिमी टेलिग्राम पठाउदैछौ भने छोटकरी गर्नु आवश्यक छ किनकी तिमिले हरेक शब्दको लागि पैसा तिर्नु पर्दछ )

Craven = कातरपूर्ण His craven refusal to join the protest was criticized by all (जुलुसमा भाग नलिने उस्को कातरपूर्ण नकारोक्तिको सबैद्वारा आलोचित भयो )

Dissemble = वाहाना वनाउनु, छक्याउनु Although he dissembled his motive to go to tuition was to study, all knew that he went there because his girl friend was there (ट्यूसनमा जाने भनेर उस्ले सबैलाई छक्याएता पनि उस्को केटी साथी त्यहा भएको हुनाले ऊ त्यहा गएको हो भन्ने सबैले थाहापाए )

Extrovert = वहिरमुखी Extroverts always prefer to lively conversation and establish contact with others वहिरमूखीहरू छलफल गर्न र अरूहरूसंग संम्पर्क स्थापित गर्न मनपराउदछन्

## नि:शुल्क स्वास्थ्य शिविर

काठमाडौं। राष्ट्रिय युवा परिषद नेपाल र युनाईटेड नेशनल मेडिकल सोसाईटी अफ नेपालको समन्वयमा भएको बृहत नि:शुल्क स्वास्थय शिबिरबाट हजारौले लाभ लिएका छन्। यहि माघ २४ गते सिन्धुलीको खाङसाङ र २६ गते रामेछापको गाल्पामा भएको शिबिरबाट त्यस क्षेत्रका १००० जना भन्दा बढीको स्वास्थ्य परिक्षण गरिएको छ। ३ जना बरिष्ठ चिकित्सक ६ चिकित्सक तथा ९ जना नर्स सहितको टोलीले स्वास्थय परिक्षण गरेको राष्ट्रिय युवा परिषद नेपालका प्रशासकिय प्रमुख नारायण कृष्ण श्रेष्ठले जानकारी दिए।

दुई जिल्लाको निशुल्क स्वास्थ्य शिबिरमा दात, हात खुट्टा,ढाड कम्मर पोल्ने, झमझमाउँने, बाथ रोग युरिक एसिड, सुगर रोग, मुटुको समस्या, ,नाक कान घाटी सम्बन्धी समस्या,खाना मन नलाग्ने, अनिद्रा, झस्कने, तर्सने, आलस्या हुने, ओछ्यानमा पिसाप गर्ने, साथै स्त्री सम्बन्धी महिनामारी अनियमित हुने लगायत रोगका बिरामीहरु आएका थिए। स्वास्थ्य परिक्षणमा आएका धेरै जसोको स्वास्थ्य परिक्षण गर्दा स्वास प्रश्वास सम्बन्धी दमको रोग, ग्यास्टीकका धेरै बिरामी भेटिएको थिए। संस्थाका अध्यक्ष डा रमनले शिबिरमा परामश केन्द्र नै राखेर स्वास्थ्य सम्बन्धी सचेतनामूलक जानकारीका साथ यस्ता समस्याको न्युनीकरणको लागि अपनाउन सकिने घरेलु उपायका बारेमा समेत जानकारी दिएको बताए। डा. रमनका अनुसार स्वास्थ्य चेकअप पछि दुई जिल्लाका बिरामीहरुलाई ८ लाख भन्दा बढीको औषधी नि:शुल्क बितरण गरिएको थियो। दुर्गम स्थानमा बसेर गरिबीका कारण सुबिधा सम्पन्न अस्पतालमा गई उपचार गर्न नसकि रोग पालेर बसिरहेकाहरुका लागि स्वास्थ्य शिबिरले फाईदा पुगे छ।

सञ्चालन गर्नाले आफुलाई धेरै राहत भएको सिन्धूलीका ७४ बर्षिया मनबीर पहाडीले खुसि ब्यक्त गरे। यस अघि आफुले अहिले सम्म कुनै पनि ठाउँमा निशुल्क स्वास्थ्य परिक्षण नगराएको र यो सुबिधा पाउदा खुशी लागेको बताए। शिबिरमा सबैभन्दा धेरै सेवा लिनेमा महिला रहेका छन भने त्यसमा पनि पाठेघर लगाएत प्रजनन स्वास्थ सम्बन्धिका बिरामीहरु बढी रहेका सिन्धुली फिक्कल गाउँपालिकाकी उपाध्यक्ष पार्वती सुनारले बताईन्। रोग लागेर ग्रामिण स्तरमा आर्थिक अभावमा सदरमुकाम सम्म आउँन नसक्ने गरिव,बृद्ध, असाहयहरुको लागि नि:शुल्क स्वास्थ्य शिबिर गरिएको हो। शिबिरमा काठमाडौंका टिचिङ अस्पताल, बिर अस्पताल, चेस्ट अस्पताल धुलिखेल अस्पतालका ३ जना बिभिन्न बिषज्ञ डाक्टर र ६ चिकित्सक तथा ९ जना नर्ससहितका टोलीले सेवा प्रदान गरेको थियो।

## Make बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Make do with something = जसोतसो पुराउनु As we were in hurry we made do with a quick snack हामी हतारमा भएको हुदा छिटै नाममात्रैको खाजाले जसोतसो पुर्‍यायौ

Make good something = टुट्टाबाट जोगिनु If you want to make good the loss, you have to do insurance टुट्टाबाट जोगिने हो भने विमा गर्न पर्छ।

Make good = धनि वन्नु Without hard work, he made good within a period of five years कडा मेहनत नगरिकनै उ पांचवर्षमानै धनी भयो ।

Make good a promise = वाचा पुरा गर्नु If you are honest you have to make good a promise तिमी इमान्दार हौं भने वाचा पुरा गर्नै पर्छ

Make it as = पेशामा सफल हुनु He is never made it as an actor उ कलाकारको रुपमा सफल भएन ।

Make the most of something = सकेसम्म वढि हासिल गर्नु I think I am in this place once for first and last, so I have to make most of my stay here मलाइ लाग्छ कि म यो ठाउमा मेरो वसाइ प्रथम र अन्तिम पटक हो तसर्थ मैले यहाबाट सकेसम्म वढि हासिल गर्नु छ।

Make much of something = धेरै लिन सक्नु Although his speech was very impressing I could not make much thereof because my English was poor उस्को भाषण ज्यादै प्रभावशाली हुंदाहुदै पनि मैले त्यसबाट धेरै लिन सकिन किनकी मेरो अंग्रेजी भाषाको ज्ञान ज्यादै कमजोर थियो।

Make much of somebody = ज्यादै महत्वको ठान्नु She always makes much of her professor husband तिनी आफनो प्राध्यापक श्रीमानलाई ज्यादै महत्वको ठान्छिन

Make nothing of something = गाहारो भएपनि सजिलै तार लगाउनु He made nothing of the examination जाच गाहारै भएतापनि उस्ले सजिलै तार लगायो।

### सुडोकु-अंक १३८

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | ८ | | | | २ | | | |
| १ | | | ५ | | | | | २ |
| ६ | | | ४ | ९ | | | | |
| | ६ | | | | | | ७ | |
| | ३ | २ | ६ | | ८ | १ | ९ | |
| | ४ | | | | | | ३ | |
| | | | | २ | ९ | | | ६ |
| ८ | | | | | ५ | | | ३ |
| | | | ३ | | | | ८ | ७ |

### अंक १३६ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | ४ | १ | ८ | ५ | २ | ९ | ७ | ३ |
| २ | ५ | ७ | ४ | ९ | ३ | ६ | ८ | १ |
| ३ | ९ | ८ | १ | ६ | ७ | ४ | २ | ५ |
| ७ | ३ | २ | ५ | ८ | ६ | १ | ९ | ४ |
| ४ | ८ | ९ | ३ | २ | १ | ५ | ६ | ७ |
| १ | ६ | ५ | ९ | ७ | ४ | २ | ३ | ८ |
| ९ | १ | ३ | २ | ४ | ८ | ७ | ५ | ६ |
| ५ | ७ | ४ | ६ | ३ | ९ | ८ | १ | २ |
| ८ | २ | ६ | ७ | १ | ५ | ३ | ४ | ९ |

# आजसम्मका सबै युद्धहरु व्यापारकै कारण भएका हुन्

**सुधा कार्ल**


**सन्दर्भ व्यापारिक युद्धको**



१८औं शताब्दिमा यूरोपमा औद्योगिक क्रान्ती हुनु अघि सबै किसिमका उत्पादन र उत्पादनगर्ने औजारहरु मानिसहरुले आफैले वनाउथे । उत्पादन आन्तरिक उपभोगको लागि पनि पर्याप्त नहुने कारण निर्यात भन्ने शब्दावली धेरै कम प्रयोग हुन्थ्यो । सबै देशले आफनो उत्पादन आफनै उपभोगको लागि भनेर संरक्षण गर्दथे । न देशहरु वीच ब्यापार ठूलो मात्रामा ब्यपार हुन्थ्यो न त्यसको कारण ठूलाठूला युध्दहरुनै हुन्थे । युध्द हुन्थे भने राजनीतिक, धार्मिक अनि सास्कृतिक कारण ले हुन्थे । १८औ शताब्दिमा भएको औद्योगिक क्रान्तीको कारण औद्योगिक मेसिनहरुको आविष्कार हुन गएपछि उत्पादन छिटो छिटो हुन थाल्यो अनि त्यसको कारण कच्चा पदार्थको प्रयोगमा पनि आमरुपले वृध्दि हुन गयो । उत्पादन यति धेरै भयो कि त्यसको उपभोग गर्न आन्तरिक वजारले मात्रै नसक्दा उत्पादन गर्ने राष्ट्रहरु वजारको खोजमा समुद्रिमार्ग खोल्दै एसिया, अफ्रिका, अमेरिका अनि अष्ट्रेलिया तर्फ लागे । यही क्रममा उपनिवेषवादको जन्म भयो । पहिलो चरणमा बेलायत, फ्रान्स, स्पेन अनि पोर्चुगलले समस्त एसियाली, अफ्रिकी, अमेरिकी अनि अष्ट्रेलियाली राष्ट्रहरुलाई आफनो उपनिवेष वनाए । बेलायतले त यति धेरै राष्ट्रहरुलाई उपनिवेष वनायो कि पूर्व देखि पश्चिमसम्म फैलिएको उसको साम्राज्य घाम कहिले पनि नअस्ताउने भयो ।

औपनिवेषिक साम्राज्य वनाउने क्रममा माथि भनिएका राष्ट्रहरुको अलावा जव जर्मनी, जापान र इटलीले पनि आफनो औपनिवेषिक साम्राज्य वनाउने खोजे त्यसैको कारण दुई विश्व युध्द हुन पुग्यो । उपनिवेषवादको विकाशको क्रममा विश्व दुइ ध्रुवमा विभाजित हुन पुग्यो । एकथरी हुने राष्ट्रहरु (Haves) र अर्कोथरि नहुने राष्ट्रहरु (Haves Not) वीच खिचातानी वढदै जादा औपनिवेषिक युगको अन्त हुन गई एसिया, अफ्रिका, अमेरिका र अष्ट्रेलियाका अधिकांश देशहरु उपनिवेषबाट मुक्त भई स्वतन्त्र भए । हुने राष्ट्रहरुको प्रत्यक्ष नियन्त्रण, शोषण र दमनबाट उनीहरु मुक्त भएको देखिएता पनि पूर्वाधारको विकाश नभएको र आन्तरिक श्रोतको परिचालन गरी आफै विकसित हुने क्षमता उनीहरुमा देखिएन । यही कारण हुने देशहरुले विकाश सहयोगको राजनीतिको नाममा यी नव स्वतन्त्र भएका राष्ट्रहरुमाथिको अप्रत्यक्ष शोषण कायमै राखे । उनीहरुबाट आफनो उद्योगको लागि सस्तो कच्चा पदार्थ आयात गरी आफनो उद्योग चलाउने र ती उद्योगबाट उत्पादित वस्तुहरु विकाश सहयोगको नाममा निर्यात गरी फेरी उनीहरुलाई नै महंगोमा वेच्ने औपनिवेषिक पुजिवादी प्रवृत्तिको कारण हुने राष्ट्रहरुमा झनै समृध्दि र नहुने राष्ट्रहरुमा झनै अभाव वढेको कारण त्यस्तो विभेदकारी पुजीवादलाइ अन्त्य गर्न भनेर विश्वमा समाजवादी क्रान्तीहरु भए अनि विश्व शीत युध्दमा धकेलियो । पुजीवादी राष्ट्रहरुको नेतृत्व अमेरिकाले र समाजवादी राष्ट्रहरुको नेतृत्व सोभियत संघले गर्‍यो ।

उनीहरुले आआफनो ध्रुवमा संलग्न राष्ट्रहरुको विकाश आफैले गरिदिने नीति अनुशरण गर्दा दुवै ध्रुवसंग तटस्थ सम्वन्ध कायम गरी दुबै ध्रुववाट विकाशको लागि सहयोग लिने तेश्रो विश्वको नाममा असंलग्न राष्ट्रहरुको समूह खडा भयो । तर यस्ता असंलग्न राष्ट्रहरुले आफनो तटस्थ हैसियत जोगाउन नसक्दा भारत लगायत केही देशहरु सोभियत खेमामा र दक्षिण पूर्व एसियाली राष्ट्रहरु अमेरिकी खेमामा उभिन पुग्दा असंलग्नताले तेश्रो विश्वका राष्ट्रहरुमा आशातित विकाश गर्न सकेन । न त सोभियत खेमामा रहेका समाजवादी राष्ट्रहरुले अमेरिकी खेमामा रहेका पुजीवादी राष्ट्रहरुसंग विकाशमा प्रतिष्पर्धा नै गर्न सके । जस्को फलस्वरुप सोभियत संघ सहित पूर्वि यूरोपेली समाजवाद धराशायी हुनपुग्दा विश्वमा शीतयुध्द अन्त्य भयो । शीत युध्दको अन्त्यसगै विश्व अमेरिकी नेतृत्वमा एक ध्रुवीय हुन पुग्यो र हुने विकशित राष्ट्रहरुले अव सहयोग (Aid) होइन ब्यपार (Trade) भन्न थाले । उनीहरुले गरिव राष्ट्रहरुलाई तिमीहरु उत्पादन गर हामी तिमीहरुको वस्तुलाई विना भन्सार हाम्रो वजार खोलिदिन्छौ अनि त्यही ब्यपारबाट प्राप्त नाफाबाट आफनो देशको विकाश गर भन्दै उनीहरुले विश्व ब्यापार संगठन (WTO) को स्थापना गरी गरिव देशहरुलाई त्यस संगठनको सदस्यता दिन थाले । होला त नी भनेर गरिव राष्ट्रहरु त्यस संगठनको सदस्य वने तर नतिजा फेरी उल्टै आयो । उनीहरुको ब्यापारघाटा चुलियो विश्व ब्यपार संगठनको नाममा गरिव देशहरु धनीदेशको बजारमा रुपान्तरित भए । ब्यापार घाटा र शोधनान्तर (Balance of Payment) को दयनिय अवस्थाबाट गरिव राष्ट्रहरुमात्रै प्रभावित भएनन वल्की धनी राष्ट्रहरु वीचनै विश्व ब्यपार संगठनको ब्यापारिक नियम उलंघन गरी आफनो वस्तुको संरक्षण गर्ने प्रवृत्तिको शुरुवात हुन पुग्यो ।




यही क्रममा अहिले एकातिर अमेरिकाले चीनका वस्तुहरुमा अत्यधिक भन्सार लगाएको कारण विपरित राजनीतिक विचारधारा वोक्ने अमेरिका र चीन वीच घोषितरुपमै ब्यपार युध्द चलिरहेको छ भने अर्को तर्फ समान विचारधारा वोक्ने अमेरिका र यूरोपेली आयोग वीच पनि ब्यापारिक युध्द शुरु भएको कारण विश्व ब्यपार संगठन निरही हुन पुगेको छ । यस परिप्रेक्ष्यमा आफनो आन्तरिक उत्पादन वढाइ विश्व वजारमा निर्यात गरी ब्यपारमा नाफा गरी आफुलाई विकशित राष्ट्र वनाउन खोज्ने गरिव र विकाशशील राष्ट्रहरुको सपना चकनाचुर भएको छ । अमेरिकाको ब्यापारिक प्रभुत्ववाद विरुध्द चीन र यूरोपेली देशहरुले विश्व ब्यापार संगठनमा उजुरी गर्नु अनि विश्व ब्यपार संगठनले निर्देशन गरेको कुरालाइ अमेरिकाले लत्याइ आफनो देशमा उत्पादित वस्तुहरुको संरक्षण गर्नुले अव विश्व ब्यपार संगठनको आवश्यकतामानै प्रश्न चिन्ह लागेको छ । यस परिस्थितिको मुकाविला गर्न चीनले विश्वका राष्ट्रहरुलाई एकत्रित गरी आफनै ब्यापारिक साम्राज्य खडा गर्न र आफनै पूर्वाधार विकाश बैंक स्थापना गरी ब्यापारिक सवन्ध (Trade Connectivity) कायम गर्न विआरआइ (Belt Road Initiative) परियोजना शुरु गरेको छ भने त्यसलाई चुनौति दिन अमेरिकाले हिन्द प्रशान्त रणनीति (Info Pasific Strategy नामक परियोजना शुरु गरी आआफ्नो ब्यापारिक साम्राज्यको संरक्षण गर्न खोजेको अवस्था छ अहिले ।

त्यसो भए यूरोपेली आयोग र अमेरिका वीच ब्यापारीक तनाव किन त ?

शुरुमा बेनेलक्स ( बेल्जियम, नेदरलैण्ड र लक्जमवर्ग) बाट शुरु भएको यूरोपेली साझा वजार अहिले पुर्वि र पश्चिम यूरोपको गरी २८ राष्ट्रहरु सलग्न भएको यूरोपेली आयोग वन्न पुगेको छ । यस आयोग भित्र श्वस्थ अर्थतन्त्र भएको र सबै सदस्य राष्ट्रहरुमा लगानी गर्न र त्यस्ता राष्ट्रहरुका वित्तिय आर्थिक समस्या समाधान गर्न सक्षम रहेको एउटैमात्र देश जर्मनी भएको कारण यूरोपेली आयोगमा आफनो वर्चश्व नदेख्दा बेलायतले जनमत संग्रह गरी यूरोपेली आयोगको सदस्यबाट आफू वाहिरिने निर्णय गरिसकेको छ भने कुनै दिन फ्रान्सले पनि त्यही नीति अनुशरण नगर्ला भन्न नसकिने अवस्था आएको छ । हाल २७ राष्ट्ररहेको यूरोपेली आयोग आफैमा विशाल आन्तरिक वजार र लगानीको क्षेत्र भएको कारण यूरोपेली आयोगका देशहरुलाई अमेरिकाबाट आयात गरी उपभोग गर्न पर्ने वाध्यता रहेको छैन । यद्यपि उनीहरु अमेरिकासंग विश्व राजनीतिमा विचारधारागत एकैवध्यता भएको कारण समानताको आधारमा दुवै पक्षलाई ब्यापारघाटा नहुने किसिमले विश्व ब्यपार संगठनको नियम भित्र रही सन्तुलित रुपबाट ब्यापार गर्दै आएका थिए । त्यस्तो अवस्थामा पनि अमेरिकाको युरोपेली आयोगसंगको ब्यापारिक घाटा झण्डै दुइ खरव डलरले वढन गएपछि राष्ट्रपति ट्रम्पले आफ्नो देशको राष्ट्रिय सुरक्षालाई कारण देखाउदै यूरोपबाट आउने मोटरगाडी र धातुजन्य पदार्थको आयातमा विश्व ब्यपार संगठनको नियम विपरित भन्सार लगाउने कार्यले गर्दा दुइ ठूला विश्ववजार वीच ब्यपारिक युध्द शुरु भयो ।



अमेरिकाको वल मिचाइ विरुध्द विचारधारागत असहमति हुदाहुदैपनि यूरोपेली आयोगले चीनसंग मिलेर अमेरिका विरुध्द विश्व ब्यपार संगठनमा उजुरी गरेको अवस्था छ अहिले । अमेरिकाको यस्तो कार्यलाई जेनेभामा रहेका ब्यपार मध्यस्थकर्ताहरुले यो अमेरिकाको विश्व ब्यपार संगठनबाट वाहरिने अनि ब्यपारमा संरक्षणबाद (Protectionism) लागु गर्ने अमेरिकी चालवाजी भनेका छन् । अमेरिकाको यस्तो ब्यवहारलाई यूरोपेली आयोग र क्यानडा समेतले दुभार्ग्यपूर्ण भनेको छ । स्वेडेनले भने यस मुध्दा पहिले जस्तै अहिले पनि विश्व ब्यपार संगठनको न्यायालय मानिने झैझगडा समाधान समिति (Dispute Settlement Board) ले हेर्नुपर्ने र त्यसको फैसलालाई अमेरिकाले मान्ने पर्ने तर्क अगाडि सारेको छ । पछिल्लो अवस्थामा मेक्सिको, नर्वे, रसिया, टर्कीले पनि यूरोपेली आयोगको पक्ष लिएको अवस्थामा राष्ट्रपति ट्रम्प आफनै सहयोगी देशहरुबाट एक्लो पर्ने अवस्था देखिएको छ । यिनीहरुले त यूरोपेली आयातमा भन्सार लगाउने आफनो निर्णय तुरुन्त फिर्ता लिन अमेरिकालाई दवावपूर्ण पत्र पनि लेखिसकेको अवस्था छ । यस अवस्थामा विश्व ब्यपार संगठन नाजुक अवस्थामा आइपुगेको छ ।

अमेरिकी पक्षमा निणर्य गरौं भने यूरोपेली आयोगका देशहरुले पनि अमेरिकाले जस्तै संरक्षणवाद लागु गरे भने विश्व ब्यपार संगठननै वन्द हुने अनि यूरोपको पक्ष लिउ अमेरिकाले संगठन छाडने भएको हुदा के गर्ने भन्ने दोधारमा विश्व ब्यपार संगठन पुगेको छ । यस अवस्थामा विश्व ब्यापार संगठनले पहिले पहिले जस्तै, जस्तालाई तस्तै (Imposition of Retaliatory Tariffs) भनेझै अमेरिकी वस्तुलाई पनि यूरोपेली वजार छिर्न भन्सार लगाउने छुट यूरोपेली आयोगलाई दिन सक्तछ । तर जुन अनुपातमा यूरोपेली वस्तु अमेरिकी वजारमा आयात हुंदै आएको छ त्यो भन्दा धेरै कम अनुपातमा अमेरिकी वस्तु यूरोपेली वजारमा आयात हुने हुंदा त्यसबाट अमेरिकालाई फाइदा हुने भन्दै भोली यूरोपेली आयोगका देशहरुले पनि पनि विश्व ब्यपार संगठनको सदस्यता त्याग्न सक्तछन् ।

के यस्ले साँच्चीकै युद्ध निम्त्याउला त ?

माथि भनिएझै विश्वले दुइ विश्वयुध्द ब्यापारिक कारणले नै देखेको हो । अहिलेको विश्व अर्थतन्त्रमा कुनै एक राष्ट्र एक्लै वस्नसक्ने अवस्था छैन । ब्यपारमा पारस्परिक आत्मनिर्भरतालाइ वढावा दिई सबै देशको आर्थिक उन्नती संभव छ भनेकै आधारमा विश्व ब्यपार संगठनको स्थापना भएको हो । तर जस्ले त्यस्को स्थापना गर्न पहलकदमी लियो उसैले त्यसका ब्यापारिक नियमहरु नमान्ने प्रवृत्ति देखिएको अवस्था छ अहिले । विशुध्द राष्ट्रिय श्वार्थको पक्षमा अमेरिका उभिएको छ र त्यस्को लागि उस्ले विश्व ब्यपार संगठनको नियमहरुलाई वेवास्ता गरी एकतर्फि रुपमा निर्णय गर्नुले कुटनीतिक संवन्धहरु प्रभावित नहोला भन्न सकिन्न । किनभने यो भनेको आर्थिक कुटनीतिको युग हो जस्मा समानतामा आधारित ब्यपारिक सवन्धले ठूलो महत्व पाएको हुन्छ । केही सदस्य राष्ट्रहरु ठूलो ब्यपार नाफाको अवस्थामा रहने र केही सदस्य राष्ट्रहरु ठूलो ब्यपारघाटाबाट गुज्रन पर्ने अवस्थाले भोली सैनिक द्वन्द शुरु नहोला भन्न सकिन्न, किनकी विगतका दुइ विश्वयुध्दहरु यूरोपेली राष्ट्रहरुको औपनिवेषिक ब्यापारिक टकराव कारणनै भएको थियो । अहिले त्यो ब्यापारिक टकराव एकातर्फ अमेरिका र चीन अनि अर्को तर्फ अमेरिका र यूरोपेली आयोग वीच परेको छ ।




अनुशासन र नैतिकताविहीन व्यक्ति पशुभन्दा पनि तुच्छ हुन्छ । यसैले राष्ट्रिय जीवनका हरेक आयामहरुमा उदाहरणीय अनुशासन र नैतिकता कायम गर्न आजैदेखि आफैबाट शुरुवात गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## कस्ताले...

ल्याइएको यस कार्यक्रमअन्तर्गत सरकारले रोजगारी नभएका प्रत्येक परिवारका एक सदस्यलाई कम्तीमा सय दिनको रोजगारी दिनेछ । रोजगारी दिन नसके निर्वाह भत्ता दिइने जनाएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यो कार्यक्रम सुरु गरेको हो । चालू आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम एवं बजेटमार्फत आगामी पाँच वर्षभित्र बाध्यकारी वैदेशिक रोजगारीको अन्त्य गर्ने सरकारको लक्ष्य छ ।

## सामाजिक सञ्जाल...

हुनुअघि सञ्चालनमा रहेका सामाजिक सञ्जाल प्रयोगकर्ताले पनि तोकिएको समयभित्र विभागमा दर्ता गर्नुपर्ने व्यवस्था गरिएको छ । दफा ९१ को उपदफा १ वमोजिम नेपालमा दर्ता नभएको व्यक्तिले सञ्चालन गरेको सामाजिक सञ्जालको प्रयोगमा नेपाल सरकारले रोक लगाउन सक्ने व्यवस्था समेत विधेयकमा छ । त्यसैगरि दफा ९२, ९३ र ९४मा समेत नियन्त्रणकारी व्यवस्था गरिएको भन्दै ऐनमार्फत सामाजिक सञ्जालमा नियन्त्रण गर्न खोज्ने सरकारको यो कदमलाई प्रतिगामी सोच भनिएको छ ।

## सरकारको एक वर्ष...

समेत लुकाउने प्रपञ्च मिलाइँदैछ । एनसेल काण्डमा सरकारले उठाउनुपर्ने ७३ अर्बभन्दा बढी रकम उठाउन खासै सक्रियता देखाएन । सर्वोच्च अदालतले एनसेलबाटै सो रकम उठाउन निर्णय दिए पनि सो रकम सरकारले कसरी उठाउने हो अझै अज्ञात छ । ट्रान्सपरेन्सी इन्टरनेसनलको अध्ययनले सोमालियालाई सबैभन्दा भ्रष्ट मुलुक देखाएको छ । त्यहाँको भ्रष्टाचारको मूलस्वरुप नेपालको जस्तै राजनीति नै हो । राज्य धन लुँड्याउने प्रतिस्पर्धाले राजनीतिक अस्थिरता छाएको छ । जनता पुरानै शैलीमा कृषि र माछा पालन पेसामा छन् । साउथ सुडान दोस्रो भ्रष्ट मुलुक हो । सन् २०११ म स्वतन्त्र भएको यो मुलुक राजनीतिक अस्थिरताका कारण भ्रष्टाचार भोग्न बाध्य छ । नेपालमा पाँचवर्षे कार्यकाल पाएको दुईतिहाई बहुमतको स्थिर सरकार छ तर नीतिगत भ्रष्टाचार सोमालिया र साउथ सुडानको भन्दा कम छैन । चप्पल लगाएर संसदमा छिरेका नेताहरु पजेरो प्राडो चढेर ढोकाबाट निस्किरहेका छन् । यिनको ऐश रवाफ कसरी बढ्यो ? कसले खोजी गर्ने ? जबकि सरकार नै भ्रष्टाचारमा दङदङ्ती गन्हाइरहेको छ ।

जलस्रोतको धनी देश नेपालले बर्सेनि २२ अर्बको बिजुली भारतबाट आयात गरिरहेको छ । चालु आर्थिक वर्षको चार महिनामा मात्रै १० अर्ब रुपैयाँको चामल आयात भएको छ । चालु आर्थिक वर्षको पाँच महिनामा मात्रै ५६९ रुपैयाँ बराबरको व्यापारघाटा भयो । यो गत वर्षको भन्दा ३६ प्रतिशतले बढी हो । वार्षिक १३१५ अर्बको सरकारी बजेट भएको नेपालमा पाँच महिनामै यति धेरै व्यापारघाटा हुनु भनेको अर्थतन्त्रमा गम्भीर समस्या आएको संकेत हो । प्रधानमन्त्री ओलीले गत पुस २२ मा संसदमा बोल्दै आयातमा वृद्धि हुनु भनेको उत्पादन र विकासको दृष्टिले सकारात्मक हो भने । आयात बढ्नु सकारात्मक भन्ने सिद्धान्त दलाल पुँजीवादी आर्थिक सिद्धान्त हो । कम्युनिस्ट सिद्धान्त होइन । निरन्तर व्यापारघाटा बढ्दै गए देश आर्थिक संकटमा फस्नेछ र त्यसले सरकारको समेत पतनलाई अवश्यंभावी बनाउनेछ । केन्द्र सरकारको विकास बजेट सात महिनामा २२ प्रतिशत मात्रै भएको छ । सातवटा प्रदेश सरकारको विकास खर्च ६ महिनामा केवल ६ प्रतिशत मात्रै भएको छ । एक अनुसन्धान अनुसार नेपालका १० प्रतिशत धनीहरुसँग ४० प्रतिशत गरिब नेपालीको भन्दा २६ गुणा बढी सम्पत्ति छ । ७ प्रतिशत धनी परिवारको स्वामित्वमा ३१ प्रतिशत कृषियोग्य जमिन रहेको छ । ५० प्रतिशतभन्दा बढी नेपाली किसान परिवारको स्वामित्वमा प्रतिपरिवार केवल आधा हेक्टरभन्दा कम जमिन रहेको छ । २९ प्रतिशत जनता भूमिहीन छन् । ८१ लाख जनता गरिबीको रेखामुनी छन् । युएनडीपी ह्युमन डेभलपमेन्ट रिपोर्टअनुसार नेपाल एसियामा तेस्रो सबभन्दा गरिब देश बनेको छ ।

युवा जनशक्ति पलायन हुने क्रम रोकिएको छैन । नेपालीको सरदर आयु ७० वर्ष पुगेको छ । युवाहरु दिनहुँ हजार पन्ध्र सयको संख्यामा वैदेशिक रोजगारीमा गइरहेका छन् । दिनमा सरदर ३ वटा लासहरु बाकसभित्र एयरपोर्टमा आउँछन् । वैदेशिक रोजगार प्रबर्द्धन बोर्डका अनुसार गत फागुनदेखि गत माघ तेस्रो हप्तासम्ममा वैदेशिक रोजगारीमा गएका ७८८ युवाहरुको मृत शरीर नेपाल आइपुग्यो । यस्तै ११ महिनाको यो अवधिमा वैदेशिक रोजगारीमा गएका ३१३ जना युवाहरु अंगभंग भएर नेपाल फर्किए । सरकारले वैदेशिक रोजगारीमा जाने बाध्यतालाई कम गर्न कुनै पहल गरेन । युवा शक्ति भटाभट वैदेशिक रोजगारीमा जानुले देश नै वृद्धाश्रम बन्ने खतरा बढेको छ ।

गुप्तचर विभाग, राजस्व अनुसन्धान विभाग जस्ता निकाय प्रधानमन्त्रीका मातहतमा राखिए पनि कञ्चनपुरकी १३ वर्षीया किशोरी निर्मला पन्तको हत्यारा पत्ता लाग्न सकेको छैन न त ३३ केजी सुन नै । सुशासनमा सरकार पूर्णरुपमा असफल सावित भएको छ । यातायात क्षेत्रको सिन्डिकेट हटाउने सरकारी प्रयास असफल भयो । वाइडबडी, सिजी, सुमार्गी काण्डहरु गुपचुप पारिए । स्वीट्जरल्यान्डमा पैसा थुपार्नेहरुमाथि अनुसन्धान भएन । कर्मचारी सरुवा बढुवामा आर्थिक चलखेल हुने गरेको कुरा सार्वजनिक भएको छ । कुनै पनि सरकारी कार्यालयमा सेवाग्राहीले घूस नखुवाई आफ्नो काम गराउन सक्दैनन् । मानव बेचबिखन र तस्करीको सञ्जाल तोडिएको छ । नेपाल लागूऔषध कारोबारीहरुको टार्जिट प्वाइन्ट बनेको छ ।

नयाँ गाडी खरिदमा राज्यकोषबाट अरबौं खर्च गरिएको छ । नर्वेका राजा साइकल चढेर सपिङ गर्छन् तर राष्ट्रपति विद्यादेवी भण्डारीका लागि करोडौंका नयाँ कार र डेढ अर्बको हेलिकप्टर सरकार खरिद गर्छ । जबकि दूरदराजका जनता सिटामोल र जीवनजल नपाएर मृत्युवरण गर्न बाध्य छन् । सरकारले समृद्धि र सुखको नारा दिए पनि गतिविधि भने देशलाई झनै कंगाल बनाउनेतर्फ उद्यत देखिन्छ । राष्ट्रियताको सन्दर्भमा समेत सरकार कमजोर देखिएको छ । भारतले झन्डै १२ सय हेक्टर जमिन मिचेको छ तर सरकार चुपचाप छ । दशगजा मिचेर भारतले सडक, पुल र बाँधहरु ठड्याउँदा पनि सरकार थाहा नपाएझैं गरिरहेको छ । इपिजी प्रतिवेदन भारतले बुझ्न मानेन । त्यसबारे सोध्ने आँट गर्न सक्दैन सरकार । अन्तर्राष्ट्रिय विमानस्थल बनाएर के गर्ने ? भारतले नेपाललाई चाहिएको ठाउँबाट हवाई मार्ग दिँदैन । सरकारको परराष्ट्र नीति पनि सन्तुलित छैन । अमेरिकी रणनीतिमा सामेल भएर चीनलाई झस्काउँदैछ । पानीजहाज र रेल प्राथमिक विषय होइनन्, पहिले काठमाडौंका सडक बनाएर प्रदूषण हटाउनुपर्ने हो । मेलम्चीको पानी अझै तीन वर्षपछि धकेलिँदैछ । सामाजिक सुरक्षा योजनामा ६२५ जना मात्र रोजगारदाता सूचीकृत भएका छन् । अंगीकृत नागरिकका सन्तानलाई वंशजको नागरिकता दिने प्रावधान सहितको नागरिकता विधेयक सरकारले ल्याएको छ । यसले नेपाल अर्को फिजी बन्ने खतरा झन् बढ्नेछ ।

## गोली...

नेपाली सैन्य सामग्रीको आपूर्तिको जिम्मा भारतलाई दिएको छ । जब सन् १९५० मा सन्धि भयो । यस सन्धिलाई खासगरी नेपाली वामपन्थीहरुले राष्ट्रवादको कसिमा जाँच्दै आएका छन् । नेपालले सन्धि संशोधनका लागि भारतसँग आग्रह गर्दै आएको छ । सन्धि पुनरावलोकन एवं परिमार्जनका लागि नेपाल-भारत दुवै देशका प्रबुद्ध समूहले प्रतिवेदन तयार गरेका छन् । तर भारतले अहिलेसम्म सो इपिजी प्रतिवेदन बुझ्न मानेको छैन । सन् १९५० को सन्धि र १९६५ को सुरक्षा सम्झौतालाई देखाएर भारतले नेपालको प्रतिरक्षा मामिलामा ठाडै हस्तक्षेप गर्दै आएको छ । नेपाल एक स्वतन्त्र र सार्वभौम मुलुक हो भनी भारतले १९५० को सन्धिद्वारा स्वीकार गरेको छ । तर त्यसअनुरुपको व्यवहार भने गरेको छैन । नेपाली भूमि अतिक्रमण गरेर ज्यादती गरिरहेको छ भने १९५० को सन्धिले खारेज गरेको सुगौली सन्धिलाई टेकेर मेची र महाकाली पारिका नेपाली भूभागमाथि कब्जा जमाइरहेको छ ।

## व्यापारघाटा...

प्रत्यक्ष लगानी १४ अर्ब ३३ करोड रहेको थियो । बाह्य क्षेत्र नकारात्मक हुँदै जाँदा विदेशी विनिमय सञ्चित घट्दै गएको छ । राष्ट्र बैंकका अनुसार पुस मसान्तसम्ममा कुल विदेशी विनिमय सञ्चिति १० खर्ब ५८ अर्ब २० करोड रुपैयाँ रहेको छ । मंसिर मसान्तसम्म सञ्चिति १० खर्ब ६५ अर्ब ८० करोड थियो । त्यस्तै २०७५ असार मसान्तमा ११ खर्ब २ अर्ब ५९ करोड रहेको थियो । समीक्षा मितिसम्म अमेरिकी डलरमा यस्तो सञ्चिति २०७५ असार मसान्तमा १० अर्ब ८ करोड रहेकोमा २०७५ पुस मसान्तमा ९ अर्ब ४१ करोड रहेको छ । चालु आवको ६ महिनामा कुल वस्तु व्यापारघाटा ३२.१ प्रतिशतले विस्तार भई ६ खर्ब ८७ अर्ब ५३ करोड रुपैयाँ पुगेको छ । समीक्षा अवधिमा निर्यात आयात अनुपात ६.३ प्रतिशत कायम भएको छ । आयातको तुलनामा निर्यात वृद्धि सुस्त हुँदा व्यापारघाटा उच्च स्तरमा बढ्दै गएको हो । समीक्षा अवधिमा कुल वस्तु आयात ३०.५ प्रतिशतले बढेर ७ खर्ब २३ अर्ब ९४ करोड पुगेको छ । केन्द्रीय बैंकका अनुसार समीक्षा अवधिमा कुल सेवा आय ९ अर्ब ४५ करोडले घाटामा गएको छ ।

यात्रा संस्मरण/खोमदत्त बराल

# मथुरा वृन्दावन यात्रा

भारततिरको यात्रा धेरै पटक भयो । भारत कै भूमि टेकेको तिथी मिती त थाहा छैन । साल चाहीँ २०२३ साल तिर होला । बिना काम त्यसै यात्रा गरियो । धरानमा नर्मल स्कूलको पढाइ सकेर घर इलाम फिर्ने क्रममा धरानबाट बस चढेर बिराटनगर र बिराटनगरबाट रिक्सामा जोगवती गइयो । सायद २०२३ सालको चैत्र तिर नै हुनु पर्छ । एक जना फुपुका छोरा उपेन्द्र अधिकारी पाँचथर साम्दिनका दाइ हुनुहुन्थ्यो । त्यस पटक जोगवनीबाट गलगलिया सम्मको भारत यात्रा, जोगवनी देखि करियार र करियार बाट गलगलिया । खोलाको गीत र रातको यात्रा भने झै केही जानकारी नै भएन ।

त्यस पछि शनिश्चरे झापामा माष्टरी भउको बेलामा धेरै पटक भारत तिरको भूमि सँग सशसिर पैतालाले स्पर्श भयो । आखाँले वरिपरिको दृश्यावलोक भयो । आखाँले नै फोटो खिचेर मन मस्तीस्क भित्र स्टोर गरेको छ । सिलगडी खर्साङ्ग र दार्जिलिङ्गका तत्कालीन अबस्थामा खिचेका तस्वीरहरु हालमा पनि ताजै छन् । भारत हजारीवाध राँची बनारस र इलाहवादसम्मको यात्रालाई दिल भरी सजाएर राखिएको छ । त्यती बेला खिचिएका तस्वीरहरु अलि धुमिल भए पनि नियनल्नलाई आँखा नजिक ल्याए पछि स्पष्ट हुँदै जान्छ ।

काठमाण्डौं आई सके पछि भने गोरखपुर जोगवनी रक्सौल, सिलगुडी, खर्साङ्ग, दार्जिलिङ्ग पहांडतिर गएर नक्सा उतार्ने क्रम छुटेन । पछिल्लो अबस्थामा भारतका धेरै भूभाग सँग पाइला चालिए । धर्म कार्यका नाममा होस् दर्शनका क्रममा पनि भारतको गोरखपुर देखि शिर्डी साइधाम महाराष्ट्र पुट्टपर्ति आन्ध्र प्रदेशको यात्रामा आफ्नो मन बहलाउँने साइ धामको चहलपहल र धर्मभिरु जनताको मनोबैज्ञानिक बिश्वासका बूदाहरुलाई आँकलन गर्ने कोशिस गरियो । आस्थाको आँकलन असम्भब नै हुन्छ । अभिब्यक्ति र हाउभाउ युक्त व्यबहार सहज अनुमान गर्न सकिन्छ । मेरो श्रीमतीजीको दिदी मीरा कोइराला र दाई प्रदिप कोइराला कृषि बिकाश बैंकको जागीर पकाए पछि साइ भक्त भइसक्नु भएको रहेछ । दाइ दिदीका साथमा लागेर नै तीन पटक सम्म साइ धामको यात्रा गरीयो । साइ धामको यात्राकै सिलसिलामा बम्बै महास र तिरुपति बालाजी र नासिक सम्मको यात्रा पनि सम्भब र सहज भयो । बेंग्लोर त धेरै पटक बास बसाइ भयो । मधुराई मिताक्षी मंन्दिर निकै ख्याति कमाएको मन्दिर पनि हो ।

यी स्थानको नाम लिष्ट मात्र व्यक्त गरिनु कारण यी स्थानका बिषयको बिशिष्टता सम्बन्धका अन्यत्र लेखमा नै सप्रसंग ब्याख्या गरिएको छ । कोडाइवनाल तालिम नाडुमा सत्य साइ बाबाको सम्मर सेन्टर छ । जो निकै उचाइमा छ र बैसाख १ गते पानी समेत परेको कारण यात्रुको जाडोले आवरु लिएको देखेको छु । आफ्नै जाडोले बेहाल गरेको कारण जीउ ज्यानको राम्ररी अनफ्भब संगालेको छु । बनारस बिश्वनाथ बाबाको दर्शन तीन दिनको बसाइ र इलाहवाद नजिक पुगेर बिन्धाबासिनी मंन्दिरको दर्शनमा भएको बेहाल हबिगत दिल दिमागमा भरपुर जीउँदो स्मरण छ । बनारस बाट सुनौली सम्मको बस यात्रा भने कष्टकर रह्यो ।

यी माथिका शब्दावली आजको दिल्ली यात्राका लागि खेलिएका प्रस्थान बिन्दु यात्रा हुन् । बद्री केदार यात्रा र दिल्ली यात्राका बिषयहरु पनि अन्यत्र नै सबिस्तार बर्णन भैसकेको छ । यि माथिका ठाउँ ठाउँका यात्रा श्रीमती जी उमा बरालका बिशेष ईच्छार र रहरका यात्राहरु थिए । तर यस पटक दिल्ली जानु पर्ने क्रममा यउमाजीको दबाइ पानी ब्यबस्था गर्ने यात्रा पनि हो । उनको मुटुका नसाहरु खुम्चिदैं जाँदा ज्यानमा पुगेको दु:ख दर्दलाई के कसरी उपचार गर्न सकिन्छ भनेर डाक्टरलाई भेट्नु पर्ने कारणले पनि यात्रा बनेको छ । बिगतका खुशी उसँग र रहरका यात्रा थिए भने यस पटक शंका उपशंका र डर त्रास भरिएको पिरै पिरले दर्दभरा छाती लिएर गरिने यात्रा बनेको छ ।

बिगत एक बर्ष देखी छाती दुखेको रहेछ । पहिला दुई दुई पटक जन्डिस भएको कारणले छाति दुखेको अनुमान गरियो । पियुष बर्सी बैद्य पसलबाट लिभरको दबाइ खाइयो । बैद्यको दबाइले बिषेक नभएपछि ग्याष्टिक हुन सक्ने अनुमान भयो । डाक्टर देखाइयो । धेरै प्रकारका चेक जाँच र टेष्ट गरियो । बीसको उन्नाइस भएन । बेथाले च्याप्दै लग्यो । हिड्न अप्ठेरो हुने, सास फेर्नमा, सुत्नमा गाह्रो हुने । सास फेर्न नसकिने । सिडीं चढ्दानै सास बढ्ने कारणले ज्यानलाई खतरनाक पाऱ्यो । कहिं कतै दवाइले काम गरेन । गंगालाल हृदय रोग प्रतिष्ठानमा इको, इसिजी लगाएतका परिक्षणबाट पनि रोग पत्ता लागेन । खाउको खाइ औषधि निस्प्रभाबी बने ।

रोग पत्ता लाग्नु पनि रोग निको हुने सम्मभाबनाको प्रारम्भीक खुड्किलो हुनेथ्यो । रोग केहो, कसो हो पत्तो लागेन । बिमारले आफ्नो गति बढाइ रहयो । छोरी डा. स्वेता बराल हृदय रोग अध्ययन प्रतिष्ठानमा नै कार्यरत भएको कारणले एनजीयो ग्राम गर्ने इच्छा जगायो । छोरीकै करबलमा एनजीयो ग्राम भयो । यस परिक्षणले मुटुका केही नसाहरु खुम्चेका भन्ने तत्ता लाग्यो । कमसे कम रोग पत्ता लाग्यो । डाक्टरले दबाइ खाने आदेश गरे । दिनमा आठ दश प्रकारका दवाइ खानु पर्ने भयो ।

एउटा दवाइ खान मन नपराउने मानिस पटक आठ दश प्रकारका दवाइ दुई पटक खानु पर्दा कुन दवाइ कतिवटा खानुपर्ने भन्ने जानकारीका लागि पनि कठिन पर्दो रहेछ । दवाइ खाइयो । तयसको रियाक्सन उस्तै पर्ने दबाइले काम गऱ्यो भने पनि असर नकारात्मक पर्ने । ब्लड प्रेसर बढ्ने घट्ने डाइभिटिजका असर गर्ने, खाना खान अरुची बढाउँने, खानु पर्ने इच्छा लागेका कुरा खान नहुने । बजारमा दबाइ नपाइने । एउटा डक्टरले दिएको दबाई अर्को डक्टरले फेर्न चाहने । यस्ता धेरै कृया प्रतिकृया र प्रकृयाले बिरामीलाई पार्ने हसर प्रभावले अझ बिरामीको बिरामलाई बढावा गर्ने । अरु त अरु घरको वाताबरण दुइटा छोरीमा एउटा बेलायतमा पढ्न गएकी अर्को बिहे गरेर उसको आफ्नै घरमा ।

दुई जना बुढाबुढी बेलुकाको आठ प्रहर रात मात्र भेट हुने बिशेष गरेर खाना खाने समयमा मात्र । बिरामी भए पनि आफ्नै क्याम्पसमा काम गर्दे गरेको । काम तुरुन्तै छोड्न नसकिने पनि । आफ्नो काम पूरा गर्ने पर्ने । काम नगरी बस्दा पनि दाल भात खान सकिएला । खाली बस्दा झन मनोटोनस हुने । एक्लै बस्दा पनि उराठिलो जीबन भन्दा क्याम्पसको काममा निरन्तरता नै राम्रो छ ।

बिहान चाडैं उठ्यो खाना बनायो अलिकति बिहानको नास्ताको रुपमा खाएर १२ बजे क्याम्पसबाट फर्केर आएपछि खानाका लागि हटकेसमा राखेर जाने यी यस्ता असजिला काम र दैनिकि ब्यबहारलाई समायोजन गरेर काम गर्दा पनि मुटुका नसा कसरी खुम्चेका होलान् । पातलो मानिस सात्विको भोजन कियाशील दैनीकिमा त मुटुको रोग लाग्दैंन भन्थे ।

जान्ने बुझ्ने र डक्टरहरु पनि । कारण अरु नै होला । काठमाण्डौंको धुवा धुलो पोल्युटेड हावा पानी रसायनीक बिषालु साग सब्जी चामलमा पनि किराले नखाओस् भनेर राखिने रसायनिक पदार्थले गर्दा हरपल हर सम्मको बिषदी हावाबाट सास फेर्नु पर्ने बाध्यात्मक अबस्थाले कुनै पनि मानिसलाई कुनै पनि बेला रोगले पक्रन सक्ने प्रोन एरिया हो काठमाण्डौंको हावा पानी र बाताबरण । *(क्रमश:)*

## कहिले हुन्छ...

जसका कारण राजनीतिक पार्टीप्रति आम नागारिक निरासावादी बन्छन् । निर्मला पन्तको हत्यापछि भएका पछिल्ला धेरै घट्नाहरुका दोषी पक्राउ परिसके तर निर्मलाको हत्यारा पक्राउ परेको छैन । यहाँ आर्थिक मात्र नभएर नैतिक रुपमा पनि भ्रष्टाचार भइरहेको छ । निर्मला पन्तको हत्यारा पत्ता लगाउन नसक्नु, ३३ किलो सुन प्रकरणको सत्य कुरा बाहिर नआउनु, वाइडबडी प्रकरणमा माथिल्लो निकायका व्यक्तिको नाम जोडिनु सबै नैतिक रुपमा भएको भ्रष्टाचार हो । जब नातावाद कृपावाद र व्यक्तिवादको हाबी हुन्छ त्यहाँ नैतिक भ्रष्टाचारले प्रश्रय पाउँछ । कुनै पनि सार्वजनिक पद धारण गरेको व्यक्ति वा भिआइपि, पूर्व भिआइपीहरुले जानेर वा नजानेर गल्ती गरेको अवस्थामा वा कुनै अपराधीलाई संरक्षण गरेको अवस्थामा उनीहरुलाई चाहीँ छुट हुन्छ भनेर कुनै पनि कानुनमा लेखिएको छैन र त्यस्तो लेखिएको हुँदैन पनि । तथापि राजनीतिक पार्टीको आडमा अथवा कुनै बहालवाला तथा पूर्व भिआइपिको नाम लिएर अपराधिक क्रियाकलापमा पिपासुहरु सलबलाइरहेका छन् । त्यसकारण माथिल्लो तहका वा राजनीतिक दलका नेता वा सरकारका प्रतिष्ठित व्यक्तिहरुले नैतिक भ्रष्टाचार गर्न आफैंबाट बन्द गर्नुपर्छ ।

कार्यकर्ताको नाउँमा वा कुनै नातागोताको नाममा अपराधीलाई जोगाउने भूमिकाबाट आफूलाई टाढा राख्न सक्नुपर्छ । हिजो द्वन्द्वकालमा युद्धरत माओवादीको सेनालाई कमान्ड गर्दा भ्रष्टाचारी, बलात्कारी, मानव तस्करी वा कुनै पनि अपराधिक क्रियाकलापमा संलग्न हुने जोसुकैलाई पनि क्षण भरमा नै पत्ता लगाइ भौतिक कारवाही गरेर देखाउने अवस्था थियो अहिलेका गृहमन्त्रीको । तर अहिले दिनहुँजसो हत्या र बलात्कारका घट्ना आइरहेका छन, निर्मला पन्तको हत्या भएको यतिका दिन भइसको र पनि हत्यारा पत्ता लागेको सुनिदैन । आखिर यो सब काम गर्नका निम्ती केले रोकेको छ ? गृहमन्त्रीज्यूलाई । यो सब नैतिक भ्रष्टाचारको कारणले हो । अहिलेसम्म भएका ठूला प्रकृतिका अपराधिक घटनाहरु राजनीतिक आडमा मौलाएको पाइन्छ । त्यसकारण राजनीतिक खोल ओढेर नैतिक भ्रष्टाचार गर्न नछोड्ने हो भने सबैभन्दा खतरा अवस्था देशका लागि नआउला भन्न सकिन्न ।

## मालेले...

पनि भन्न भ्याए- मेरो मृत्युपछि मेरा आँखा तपाईकी अन्धी छोरीलाई दिनु ताकि उनले संसार देख्न सकुन् । इ.सं. २६९ फेब्रुअरी १४ का दिन भ्यालेन्टाइनलाई मृत्युदण्ड दिइयो । त्यसपछि जेलरकी छोरीको अवस्था के रह्यो ? त्यो अज्ञात नै छ । तर भ्यालेन्टाइनको ज्यान गएको १४ फेब्रुअरी पनि प्रेम दिवसमा परिणत भयो । प्रेम दिवस पहिले पश्चिमी मुलुकहरुमा मात्र मनाइन्थ्यो । तर अहिले विश्वव्यापी बनेको छ । मुस्लिम देशहरुमा भने यसले कुनै अर्थ राख्दैन । बंगलादेश, पाकिस्तानमा समेत प्रणय दिवसको विकल्प सिस्टर डेको खोजी गरिँदैछ । तर नेपालमा भने ठूलै उत्सवका रुपमा युवा जोडीहरुले मनाउने गरेका छन् । प्रेम दिवस मनाउनु खराब पक्ष पक्कै होइन । तर यसले ल्याएको विकृतिले भने हाम्रो मौलिक संस्कृतिमाथि धावा बोलिरहेको छ । १४ फेब्रुअरी आउनु हप्ता अघिदेखि नै प्रेम दिवस सुरु हुन्छ । फेब्रुअरी ७ देखि नै भ्यालेन्टाइन डेका महत्वपूर्ण दिनहरु सुरु हुन्छन् । फेब्रुअरी ७ रोज डे, फेब्रुअरी ८ प्रपोज डे, फेब्रुअरी ९ चकलेट डे, फेब्रुअरी १० टेड्डी डे, फेब्रुअरी ११ प्रमिस डे, फेब्रुअरी १२ हग डे, फेब्रुअरी १३ किस डे, र फेब्रुअरी १४ भ्यालेन्टाइन डे अर्थात् सबैभन्दा महत्वपूर्ण दिन । यस दिन युवायुवतीहरु आफूले मन पराएको व्यक्तिलाई रातो गुलाफको फूल, कार्ड र उपहार दिई प्रेम प्रस्ताव राख्छन् । मोबाइल फोन, एसएमएस, फेसबुक र नियमित च्याटले युगल जोडी धेरै नजिक हुन्छन् ।

प्रेममा हिंसाले पनि प्रवेश पाएको विभिन्न घटनाहरुले प्रस्ट पारिसकेका छन् । प्रेम प्रस्ताव अस्वीकार गर्दा युवतीहरुका अनुहारमा एसिड छ्यापिएका कारुणिक दृश्यहरु देखिएका छन् । त्यसो त प्रेममा घात प्रतिघातका अवस्थाहरु आउने गर्छन् । सर्वत्र प्रेममय बनाउन प्रेम दिवस सार्थक हुनेछ भन्न सकिन्न । वास्तवमा प्रेम अन्तरात्माबाट प्रष्फुटित हुने हृदयको झंकार हो । पवित्र प्रेमका लागि भ्यालेन्टाइन डे आउनु पर्दैन । धैर्य, आशा, क्षमा, सहिष्णुता, शिष्टता, विनम्रता, अनुग्रह, भद्रता, करुणशीलता सौम्यता सबै प्रेमकै अभिव्यक्ति हुन् । सबैभन्दा ठूलो देश प्रेम हो ।

## राष्ट्रघाती...

चुनौती रहेको भन्दै अब सिक्किम, भुटानको पुरानो मोडलभन्दा नयाँ मोडल खडा गरेर नेपालको अस्मितामाथि धावा बोल्ने प्रयास भइरहेको बताउनुभयो । नेपालमा साम्राज्यवादी शक्तिका वित्तीय एजेन्सी खडा गरेर प्रशासन, सुरक्षा, अदालत सबैतिर विदेशी एजेन्ट घुसाएर तिनै एजेन्टमार्फत स्वार्थ अनुकूलका ऐन, कानुन ल्याएर हस्तक्षेप गर्नेदेखि लिएर नेपाललाई फौजी रुपमै कब्जा गरेर तिब्बतमा धावा बोल्ने प्रयत्नस्वरुप विभिन्न कसरत भइरहेको नेता गुरुङको धारणा थियो । पद र पैसाको लागि जे पनि गर्ने तत्व हावी भइरहेकाले त्यसलाई रोक्न र विदेशी हस्तक्षेप रोक्न नेपालीबीच बृहत एकताको खाँचो गुरुङले औंल्याउनुभयो ।

सीमाविद तथा नेकपाका नेता साध्यबहादुर भण्डारीले भारतले नेपाललाई पनि सिक्किम, फिजी, मौरीसस, भुटान बनाउने प्रयास गरिरहेको छ भन्दै भारतीय आप्रबासीले सहजै नागरिकता प्राप्त गर्ने कानुनमा रोक नलगाउने हो भने नेपालभित्रै नेपाली अल्पमतमा पर्ने र नेपालको अस्तित्व नै समाप्त हुने खतरा रहेको बताउनुभयो । संसदमा पेश भएको नागरिकता विधेयक पास भएमा हाम्रो सार्वभौम सत्ता बाँकी नरहने ठोकुवा उहाँले गर्नुभयो । त्यसैगरी उहाँले ठूलो संख्यामा किर्ते नागरिकता आम प्रचलनमा रहेको र त्यसैको आधारमा जग्गा जमिन खरिद गर्ने, कम्पनी दर्ता गर्ने काम भइरहेको बताउनुभयो । वामपन्थी सरकार दुईतिहाईमा रहेको अवस्थामा राष्ट्रलाई घात गर्ने नागरिकता विधेयक पास भएमा त्यसले सिभिल वार मच्चाउने निश्चित भएकाले भोलि रगतको खोलो बगाउनुभन्दा अहिल्यै विधेयक फिर्ता लिनु राम्रो भन्नुभयो । लेण्डुप दोर्जेको नियति राष्ट्रघात गर्ने नेताले भोग्नुपर्ने भएकाले सचेत रहन उहाँले आग्रह गर्नुभयो । सरकारले गरेको राष्ट्रघातको काममा देशभक्त जनताको साथ नरहने उहाँले बताउनुभयो ।

यसैगरी वरिष्ठ अधिवक्ता वोर्णबहादुर कार्की, प्रेमल खनाल र साध्यबहादुर भण्डारीले संयुक्त रुपमा तयार गरेको नागरिकता विधेयक बारेको अवधारणापत्रमा उल्लेखित विषयबारे वरिष्ठ अधिवक्ता वोर्णबहादुर कार्कीले जानकारी गराउनुभयो । उहाँहरुले उक्त अवधारणापत्र सभामुख कृष्णबहादुर महरालाई बुझाउनु भएको छ । वोर्णबहादुर कार्कीले सीके राउत जस्ताको विखण्डनकारी आन्दोलनमा आयातित नागरिकहरुले भाग लिइरहेकाले फेरि पनि खुकुलो नागरिकता ऐन ल्याएर आयातित नागरिकको संख्या थप्ने काम गरेमा नेपालको अस्तित्व समाप्त हुन सक्ने खतरा झन् झन् बढ्ने बताउनुभयो । उहाँले एनजिओ आइएनजिओहरुले नेपाली महिलाको संवेदनशीलतामाथि प्रहार गर्दै उचाल्ने काम गरिरहेकाले महिला दिदीबहिनीलाई नागरिकता जस्तो संवेदनशील विषयमा राम्रो बुझेर मात्र आन्दोलित बन्न सुझाव दिनुभयो ।

पुष्पलाल अध्ययन प्रतिष्ठानका अध्यक्ष लोककृष्ण भट्टराईले राजा लगायतका पञ्चहरुले भारतीय नागरिक भित्र्याएर बहुदललाई हराएको बताउँदै अहिले संसदमा नागरिकता विधेयक पेस गर्नु आवश्यक नरहेको बताउनुभयो । फेक नागरिकता वितरण भएको नदेख्ने सरकार कहाँ छ ? भन्ने प्रश्न गर्दै भट्टराईले विधेयक फिर्ता गराउन जनता अब सडकमा उत्रनुपर्छ भन्नुभयो । सबै जनता सडकमा ओर्लिएको खण्डमा सरकारको अस्तित्व कहाँ पुग्छ ? भन्दै भट्टराईले सरकारलाई सचेत रहन भन्नुभयो । कार्यक्रममा सीमा क्षेत्र नियमन तथा व्यवस्थापनका अध्यक्ष हेमनाथ सेढाइँले ५ किसिमले नेपाली नागरिकताको किनबेच भएको उदाहरण दिँदै जितेन्द्रनारायण देवको समयमा वितरण गरिएका नागरिकतामध्ये ९५ प्रतिशत भारतीयको हातमा परेको बताउनुभयो ।

अख्तियारका पूर्वआयुक्त सूर्यनाथ उपाध्यायले जुन देशमा को स्वदेशी को विदेशीको ठेगान छैन, को आउँछ को जान्छको रेकर्ड छैन, जहाँ खुल्ला सीमा छ त्यहाँ नागरिकता वितरण गर्न गाउँ गाउँ डुल्दा त्यसको असर कस्तो हुन्छ भन्दै संसारमा यसरी नागरिकता वितरण गर्ने चलन नरहेको बताउनुभयो । नेपालमा सदियौंदेखि बस्नेले नागरिकता चाहियो भनेको छैन तर मधेसमा किन भनिदैछ र वीरगन्जमा निस्कने हजारौंको जुलुसमा स्वदेशी छन् कि विदेशी भन्ने एकिन नगरी किन दबाबमा सरकार पर्छ भन्दै प्रश्न गर्नुभयो । उहाँले फेक नागरिकता गम्भीर समस्या भए पनि ठूला मिडियाको ध्यान नगएकोमा चिन्ता प्रकट गर्नुभयो । तराई मधेसमा रैथाने विस्थापित हुने र नयाँ नागरिक भरिने गम्भीर संकट निम्तिएको तर्फ सरकारको ध्यानाकर्षण हुन नसकेको प्रति चिन्ता व्यक्त गर्दै उपाध्यायले अब नागरिकता कानुन थप खुकुलो बनाउने नियतले विधेयक ल्याएर सरकार के गर्न खोजिरहेको छ भन्दै प्रश्न गर्नुभयो ।

संघीय संसदको राज्य व्यवस्था समितिका सदस्य सांसद झपट रावलले नयाँ संविधान जारी गर्दा संविधान संविधानको धारा ११ को ३ लाई राम्रो अध्ययन नगरी सही गर्ने संविधान निर्माता सभासदहरु चिप्लिएकाले त्यसको क्षतिपूर्ति ऐन, कानुनले हुन नसक्ने बताउनुभयो । उहाँले सबैतिर विदेशी डोनरले कब्जा गरेकाले पैसाको बलमा ऐन कानुन संशोधन हुने गरेको बताउनुभयो । उहाँले राष्ट्रहित विरुद्धको नागरिकता विधेयक कुनै हालतमा पास हुन नदिने भन्दै आफूहरु संसदभित्र लडिरहने बताउनुभयो ।

कार्यक्रममा अर्थविद गोविन्दबहादुर थापा, ग्रेटर नेपालका अभियन्ता फणीन्द्र नेपाल, बुद्धिजीवी प्रेमल खनाल, २५ समूहका उपेन्द्र गौतम, घमानसिंह बस्नेत, नेकपा मालेका केन्द्रीय सदस्य महेन्द्र शाह, महिला अधिकारकर्मी सुमित्रा राजवंशी, जनधारणाका सम्पादक निमकान्त पाण्डे, विष्णु खनाल लगायतले अन्तर्क्रियामा आफ्ना विचार प्रस्तुत गर्दै नागरिकता विधेयक फिर्ता गरिनुपर्नेमा जोड दिनुभएको थियो ।